# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : विर्तामोड नगरपालिका, झापा , बिर्तामोड नगरपालिका , झापा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विनोद कुमार न्यौपाने | २०७८-१०-२१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | ganesh prasad dahal | २०७७-५-१८ | २०७८-१०-२० |
| कार्यालय प्रमुख | pasupati khatiwada | २०७७-४-१ | २०७८-५-१७ |
| लेखा प्रमुख | तेजिन्द्र तामाङ | २०७८-७-१४ | |
| लेखा प्रमुख | प्रकाश न्यौपाने | २०७८-५-२० | २०७८-७-१३ |
| लेखा प्रमुख | यादव अधिकारी | २०७७-४-१ | २०७८-५-१९ |
| | | **बेरुजु रकम** | १८३,०४८,९०८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५,४८,७०,०३०.२७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ७५,४९,४०,४७२ | **चालु खर्च** | ५९,१४,८३,९७४.७१ |
| **प्रदेश सरकारबाट अनुदान** | १,८३,०७,००० | **पूँजीगत खर्च** | ५५,८७,११,५२८.८२ |
| **राजश्व बाँडफाँट** | ५३,६३,९४२.५१ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ३५,९८,६२,४००.६४ | | |
| **अन्य आय** | २९,८६,०७,६५२.५३ | | |
| **कुल आय** | १,४३,७०,८१,४६७.६८ | **कुल खर्च** | १,१५,०१,९५,५०३.५३ |
| **बाँकी मौज्दात** | | १,९९,५६,११५.१७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न विर्तामोड नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यस नगरपालिका अन्तर्गत १० वडा, नगरसभा सदस्य ५५ जना, ७८२४ व.कि.मी. क्षेत्रफल, १४६७९५ जनसंख्या र १ नंम्वर प्रदेशमा अवस्थित छ । | |
| २ | | | **वित्तीय विवरण विश्लेषण** | |

| प्राप्तीभुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०७७ श्रावण १ देखि २०७८ आषाढ ३२ सम्म | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्षरु. | | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोभैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोभैभुक्तानी | जम्मा |
| १ | २ | ३ | ४ | ५ | ६=४+५ | ७ | ८ | ९=७+८ |
| प्राप्ती (क+ख) | | १४३१७१७५२५.१७ | १४३१७१७५२५.१७ | | १४३१७१७५२५.१७ | १२६१७२९७७६.७१ | | १२६१७२९७७६.७१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ११३३१०९८७३.६४ | ११३३१०९८७३.६४ | | ११३३१०९८७३.६४ | ९४१२५५५५४.११ | | ९४१२५५५५४.११ |
| ११००० कर राजश्व | ११ | ३०८६३३३३०.४७ | ३०८६३३३३०.४७ | | ३०८६३३३३०.४७ | २२३३४७७९१.५९ | | २२३३४७७९१.५९ |
| १३००० अनुदान | | | | | | | | |
| संघीय सरकारबाट प्राप्त | १२ | ७५४९४०४७२ | ७५४९४०४७२ | | ७५४९४०४७२ | ५९१४९६००० | | ५९१४९६००० |
| प्रदेश सरकारबाट प्राप्त | १२ | १८३०७००० | १८३०७००० | | १८३०७००० | ८१३४०००० | | ८१३४०००० |
| १४००० अन्य राजस्व (गैर कर) | ११ | ५१२२९०७०.१७ | ५१२२९०७०.१७ | | ५१२२९०७०.१७ | ४५०७१७६२.५२ | | ४५०७१७६२.५२ |
| १५००० बेरुजु | | | | | | | | |
| ३११२१ गत वर्षको शशर्त अनुदान | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | फिर्ता | | | | | | | | | | |
| | | | | ३३००० दायित्व | | | | | | | | | | |
| | | | | ऋण तथा अन्य श्रोतबाट | १३ | | | | | | | | | |
| | | | | वितरण गर्न बाँकी राजस्व | १४ | | | | | | | | | |
| | | | | ख. अन्य प्राप्ति | | २९८६०७६५२.५३ | २९८६०७६५२.५३ | | २९८६०७६५२.५३ | ३२०४७४२२१.६ | | ३२०४७४२२१.६ | | |
| | | | | कोषहरु | १५ | ३९२०९०१६.६८ | ३९२०९०१६.६८ | | ३९२०९०१६.६८ | ३८२४२०३६ | | ३८२४२०३६ | | |
| | | | | धरौटी | १५ | २११८८११५.८५ | २११८८११५.८५ | | २११८८११५.८५ | १५३४७२०८.६ | | १५३४७२०८.६ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | २३८२१०५२० | २३८२१०५२० | | २३८२१०५२० | २६६८८४९७७ | | २६६८८४९७७ | | |
| | | | | भुक्तानी (ग+घ) | | | १४७४३१३६६६.८५ | | १४७४३१३६६६.८५ | ११६१२००४२३.६८ | | ११६१२००४२३.६८ | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | | १२१२७४७७६०.३८ | | १२१२७४७७६०.३८ | ८७९५०६१४४.३६ | | ८७९५०६१४४.३६ | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १८ | | २०८४०९१६७.१ | | २०८४०९१६७.१ | १९१२५३५६०.८ | | १९१२५३५६०.८ | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | | १३१३२४३२६.५४ | | १३१३२४३२६.५४ | ११७०९७२४८.३५ | | ११७०९७२४८.३५ | | |
| | | | | २४००० व्याज, सेवा शुल्क बैंक कमिशन | १८ | | | | | ३२८४४३२.८८ | | ३२८४४३२.८८ | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | | ४७०६९०१८.३५ | | ४७०६९०१८.३५ | ५४९४०६६० | | ५४९४०६६० | | |
| | | | | २६००० अनुदान | १८ | | | | | ८२०५००० | | ८२०५००० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | | ३४५३९०० | | ३४५३९०० | १३६८०५२० | | १३६८०५२० | | |
| | | | | २८००० अन्य खर्च | १८ | | २०१२२७५६२.७२ | | २०१२२७५६२.७२ | ११८२२०० | | ११८२२०० | | |
| | | | | गत आ.व.को फिर्ता गर्न बाँकी फिर्ता | | | ६२५५२२५६.८५ | | ६२५५२२५६.८५ | | | | | |
| | | | | ३१००० पूँजीगत खर्च | १८ | | ५५८७११५२८.८२ | | ५५८७११५२८.८२ | ४८९८६२५२२.३३ | | ४८९८६२५२२.३३ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३२००० वित्तीय सम्पत्ती | १८ | | | | | | | | |
| | | | घ. अन्य भूक्तानी | | | २६१५६५९०६.४७ | | २६१५६५९०६.४७ | २८१६९४२७९.३२ | | २८१६९४२७९.३२ | |
| | | | धरौटी तथा कोषहरु | | | ३०७१९८९६.४७ | | ३०७१९८९६.४७ | २४८९३२५८.३२ | | २४८९३२५८.३२ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | | २३०८४६०१० | | २३०८४६०१० | २५६८०१०२१ | | २५६८०१०२१ | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | | -४२५९६१४१.६८ | | -४२५९६१४१.६८ | १००५२९३५२.०३ | | १००५२९३५२.०३ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ११७५७०९७३.१२ | | ११७५७०९७३.१२ | ४५५८८९२१.३७ | | ४५५८८९२१.३७ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | | ७४९७४८३१.४४ | | ७४९७४८३१.४४ | १४६२६६९५९.४ | | १४६२६६९५९.४ | |
| | | | बैंक तथा नगद बाकी | २४ | | ७४९७४८३१.४४ | | ७४९७४८३१.४४ | १४६२६६९५९.४ | | १४६२६६९५९.४ | |
| ३ | | | **असुली**<br>लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपलब्ध गराएपछि रु.१७१६०४/- असुल भई दाखिला भएको छ । | | | | | | | | | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेकोमा यस पालिकाले यस वर्ष सम्म आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन । आन्तरिक नियन्त्रण प्रणाली लागु नगरेकोमा देखिएका अन्य व्यहोराहरुः<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको पाईएन | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन<br>• कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा जम्मा नगरेको<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा गरेको पाईएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन ।<br>• अधुरा आयोजनाको समिक्षा सबै अधुरा आयोजनाहरुको अभिलेख एकिकृत गरी अद्यावधिक गरेको पाईएन ।<br>• सबै खाताको बैंक हिसाब मिलान विवरण तयार गरी अद्यावधिक गरिएको पाईएन।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | | | | |
| ५ | | | **अभिलेख, असुली तथा भिडान स्थिति** | |
| ५.१ | | | मू.अ.कर ऐन २०५२ अनुसार आय ठेक्कामा मूल्य अभिवृद्धि कर समेत लगाई असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आय ठेक्काहरु बन्दोबस्त गर्दा मू.अ.कर असुल नगरी ठेक्का सम्झौता गरेकोले देहाय अनुसार मू.अ.कर बापतको रु. १००९०७३ असुल नगरेकोले मू.अ.कर वापतको रकम असुल गर्नुपर्ने रु. | १,४१७,००९ |

| ठेक्काको विवरण | कबुल कर्ताको नाम | सम्झौता रकम | असुल गर्नुपर्ने मू.अ.कर रकम |
|---|---|---|---|
| चारपाने राजगढ सडक | मेरी डियन कन्ट्रसन प्रा.लि. | १०५२००१ | १३६७६० |
| टेक बहादुर गिरी बसपार्क | न्यु सीमा विल्डर्स एण्ड कन्ट्रसन | ३२७५००१ | ४२५७५० |
| टेक बहादुर गिरी बसपार्क | नोवल टेक्नोलोजी सिस्टम प्रा.लि. | ३१३७९७० | ४०७९३६ |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| दैनिक तथा साप्ताहिक हाटबजार | खतिवडा ट्रेडर्स | २७६०००१ | ३५८८०० |
| कोइला व्यवसायी सेवा शुल्क | मेरी डियन कन्ट्रसन प्रा.लि. | ६७११०० | ८७७६३ |
| जम्मा | | | १४१७००९ |

**हेभिईक्युपमेण्टआयः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ स्थानीय तहले आफ्नो आयको सबै श्रोत पहिचान गरी प्राप्त हुने आयलाई व्यवस्थित रुपमा सबै आय रकम चुहावट तथा हिनामिना नहुनेगरि आन्तरिक नियन्त्रणको व्यवस्था गर्नुपर्ने गरि तोकिएको छ । पालिका कार्यालयमा रहेका हेभि मेशिनरी (ग्रेडर रोलर ट्यांकर जेसिबी)हरु लाई उपयोग गर्ने कार्यमा मेशिन प्रयोगकर्ताले आ व २०७६।७७ मा निम्नानुसारको प्रति घण्टाको दरबाट भाडा लिने गरी स्वीकृत गरेको छ ।

| **हेभि मेशिन** | **प्रति घण्टा दर** |
|---|---|
| ग्रेडर | ३५०० |
| रोलर | २५०० |
| ट्याँकर | २००० |
| जेसिभि | २००० |

- लेखापरीक्षणमा प्राप्त विवरण अनुसार यो वर्ष मेशिन प्रयोग बापतको भाडा रु.२१०७७५०/- असुल गरेको देखिएकोमा हेभि मेशिन मध्ये ३ वटा ट्रिपरको भाडाको दररेट निर्धारणको विवरण पेश भएन । कार्यालयमा ३ वटा ट्रिपर समेत संचालन गरी ईन्धन बापत रु.११८७९३९८/- खर्च भएको छ। अन्य मेशिनको भाडा असुल गर्ने गरेको भएतापनि ट्रिपरको भाडा असुल नगरेको र पालिकाले नै ग्राभेल खरिद गरी उक्त ग्राभेल ढुवानी गर्ने कार्यमा ट्रिपर प्रयोग भएको जानकारी दिएता पनि सो कार्यमा ट्रिपर खटिएको समय, ढुवानी गरेको परिमाण खुलाई विवरण पेश नभएकोले ट्रिपरको ईन्धन खपत सम्बन्धमा एकिन गर्न सकिएन ।

- दैनिक भाडामा समेत दिईने मेशिनहरुको लागि ईन्धन प्रकाश आयल ट्रेडर्सबाट खरिद गरि भुक्तानी दिने गरेकोमा मेशिन प्रयोगकर्ताले बुझाउनुपर्ने शुल्क खुल्ने गरी उपयोगको अवधि तथा दररेट सहितको भाडा गणना तालिका प्रमाणित गरी राजश्व शाखामा पठाउने गरेको पाईएन ।राजश्व शाखाले मौखिक रुपबाट प्रयोगकर्ताले बुझाएको रकममात्र बुझिलिने गरेको छ ।

- घण्टाको दररेटबाट चलाउने मेशिनहरु ग्यारेजबाट निस्किएको अवधि, कार्य गरेको घण्टा तथा फर्किएको समय अवधि खुलेको लगसिट प्रमाणित गरी सोको आधारबाट बास्तविक लिनुपर्ने भाडा रकम एकिन गरी राख्ने नगरेकोले मेशिन उपयोगबाट प्राप्त देखाईएको आम्दानी एकिन गर्न सकिएन ।मेशिन सञ्चालन सम्बन्धि कार्यविधि

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्वीकृत गरी आयलाई व्यवस्थित र चुहावट हुन नदिने व्यवस्था गरी राजश्व असुली कार्य गर्नुपर्दछ । | |
| ५.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७५ मा राजस्व संकलन र दाखिला सम्बन्धमा व्यवस्था छ । कार्यालयले राजस्व संकलनमा सूचना प्रविधि मार्फत गर्ने व्यवस्था गरेतापनि संकलन भएको राजस्व सोही दिन वा भोलिपल्टै दाखिला भई बैंक आम्दानी गरेको र बाँकी हिसावको सम्बन्धमा अनुगमन र भिडान गरे नगरेकोले समयमा रकम दाखिला नहुने र दुरुपयोग हुने अवस्था देखिएकोले यस तर्फ कानूनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । साथै आन्तरिक लेखापरीक्षणबाट औल्याएको यस आ.व.मा असुली भएको मध्ये दाखिला गर्न बाँकी देखिएको रु.२४०२.५० असुल हुनुपर्दछ रु. | २,४०२ |
| ५.३ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ मा राजस्व असुल र लगत सम्बन्धी व्यवस्था रहेकोमा सो अनुसारका व्यवस्थाको पालना गरी राजस्वको अध्यावधिक लगत खडा गर्ने नगरेकोले सबै राजस्व आयको लगत तयार गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विज्ञापन सेवा शुल्क वापतको आय ठेक्का २०७५।७६ देखि २०७७।७८ सम्म रु.११५८५००० मा आकृति एभरटाइजिङसँग ठेक्का सम्झौता गरी पट्टा जारी गरेकोमा सोको लगती राजस्व कायम गरी असुली कार्य नभएको साथै यो वर्षको अन्त्य सम्म उक्त प्रा.लि.सँग रु.७३३५००० असुल गर्न बाँकी देखिएको छ । आय ठेक्काको सम्झौता गर्दा कवुल रकमको बैंक ग्यारेन्टी समेत नलिएकोले उक्त रकम असुली अवस्था नै स्पष्ट नभएको हुँदा यस सम्बन्धमा छानविन गरी असुल गर्न बाँकी रकम सरकारी बाँकी सरह व्याज सहित असुल गर्नुपर्ने रु. | ७,३३५,००० |
| ५.४ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७५ मा तोकिएको व्यवस्थाको आधारमा राजस्वको अभिलेख खडा गरी राख्नुपर्नेमा पालिकाले राजस्व निर्धारण, असुली तथा दर्ता र खारेजीका कार्यहरु अद्यावधिक गरी राख्ने नगरेको साथै रसिद नियन्त्रण खाता समेत वडागत रुपमा र नगरपालिकाले सूचना प्रविधिको माध्यमबाट राजश्व संकलन गर्ने गरेकोमा वडा गत र केन्द्रमा प्रयोग गरिने छपाईएको रसिदको सि.नं. सहितको अभिलेख अद्यावधिक गरेको छैन । छपाई त्रुटी भएको, रद्द गरिएको रसिदहरुको समेत विवरणहरु तयार गरेको छैन । साथै राजस्व संकलन सम्बन्धी कार्य सफ्टवेयर मार्फत संचालन गरेकोमा उक्त सफ्टवेयर सुचना प्रविधि विभागमा दर्ता गराई प्रयोगमा ल्याएको छैन । | |
| ५.५ | | | राजस्व सम्बन्धीको कारोवार नियमित र एकीकृत रुपमा गरी गराई सोको अभिलेख समेत अद्यावधिक गर्नुपर्नेमा पालिकाले राजस्वको श्रेस्ता तथा अन्य अभिलेखहरुलाई अद्यावधिक र बैंक हिसावसँग भिडान गरी राख्ने नगरेकोले यस तर्फ सुधार हुनुपर्दछ । | |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **धरौटी फिर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) मा कार्यालयले निर्माण लगायत अन्य खरिद कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्शन मनि फिर्ता भुक्तानी गर्दा पालना गर्नुपर्ने नियम सम्बन्धमा व्यवस्था छ ।आन्तरिक राजस्व विभागको परिपत्र अनुसार निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा सम्बन्धित आय वर्षको कर चुक्ता प्रमाण पत्र र मू.अ.कर समायोजन समेतको प्रमाण लिएर मात्र धरौटी फिर्ता गर्नुपर्नेमा कार्यालयले निम्नानुसारका निर्माण व्यवसायी लगायत विक्रेताको धरौटी फिर्ता गर्दा मू.अ.कर समायोजनको प्रमाण संलग्न नगरी फिर्ता गरेकोले सोको प्रमाण पेश हुनुपर्ने रु... | ६३८,५१५.१५ |
| | | | | |
| ७ | | | **अवकाश कोष**<br>**कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजजम स्थानीय तहले स्थानीय सेवाको दरबन्दीमा कायिरत प्रत्येक कर्मचारीले खाई पाइ आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले वित्तीय समानीकरण अनुदानको रकम समेतबाट कर्मचारी कल्याण कोषमा रू.३० लाख ट्रान्सफर गरेको छ । कोषको सञ्चालन सम्बन्धी काननुको व्यवस्था भएको छैन । कानुनको व्यवस्था नगरी नेपाल सरकारबाट प्राप्त अनुदानबाट कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिएन । यस्तो कार्य कानूनद्वारा व्यवस्थापन गर्नुपर्दछ । | |
| | | | | |
| ८ | | | **जिम्मेवारी फरक**<br>कार्यालयले आफ्नो कारोवारको हिसाव तथा वित्तीय विवरण तयार गर्दा गत वर्षको बैंक मौज्दात तथा अन्य रकम समेत यकिन गरी जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ । आव २०७६।७७ को अन्त्यमा (मलेपफानं. २७२) रु.१४६२६६९५९.४० मौज्दात बाँकी देखाएकोमा आ.ब. २०७७।७८ को मलेपफानं. २७२ मा जिम्मेवारी रु. ११७५७०९७३.१२ तथा कोषहरु र धरौटीको रु.३०७१९८९६.४७ समेत जम्मा रु.१४८२९०८६९.५९ जिम्मेवारी सारेकोले फरक देखिएको रु.२०२३९१०.१९ का सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार गरी मौज्दात यकिन गरी सोको प्रमाण पेश हुनपर्ने | २,०२३,९१०.१९ |
| | | | | |

Table within item ६:

| भौ नं र मिति | फर्मको नाम | धरौटी रकम | कैफियत |
|---|---|---|---|
| ४।२०७७।६।२९ | सदेम्बा निर्माण सेवा | १२४८२९ | मू अ कर समायोजन बेगर भुक्तानी |
| ६।२०७७।६।३० | सेन्टर फर सस्टेनेवल डेभलप्मेण्ट स्टडिज प्रा लि | १८००० | निवेदन लगायतको प्रमाण कागजात संलग्न नगरी भुक्तानी |
| ९।२०७७।७।१६ | एभरग्रीन कन्सट्रक्सन | ४९५६८६।१५ | मू अ कर समायोजन बेगर भुक्तानी |
| | **जम्मा** | **६३८५१५।१५** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | विभन्न | | **अनुगमन भत्ताः**<br><br>गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को अनुसूची १ (ख) मा नगरपालिका प्रमुखको रु. 11000/-, उपप्रमुखको रु. 11000/-, वडाध्यक्षको रु. 4500/- र कार्यपालिका सदस्यको रु. 2000/- मासिक अनुगमन भत्ताको व्यवस्था छ । उक्त अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नभएतापनि अनुगमन वापत एक मुष्ट भत्ता बुझिलिएकोमा प्रतिवेदन पेश नभएको रु. | ९१८,००० |
| | | | | |
| १० | | | **कोष हस्तान्तरण स्थिति** | |
| १०.१ | | | स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम साविकमा रहेका गाउँपालिका/नगरपालिकामा समाहित भएपछि सम्पत्ती तथा दायित्व समेत हस्तान्तरण गरी अद्यावधिक गर्नुपर्नेमा साविक गारामणी गाविसको खातामा २०७३।११।२६ देखि बाँकी रहेको विभिन्न ५ खातामा रहेको रु.३३४८९१४.२८ लाई यस वर्ष सम्म पालिकाले आम्दानी गरेको पाइएन । उक्त रकम आम्दानी गरी सोको प्रमाण पेश हुनुपर्ने रु. | ३,३४८,९१४.२८ |

| पद | संख्या | मासिक अनुगमन भत्ता दर | वार्षिक अनुगमन भत्ता |
|---|---|---|---|
| प्रमुख | १ | ११००० | १३२००० |
| उप-प्रमुख | १ | ११००० | १३२००० |
| वडाध्यक्ष | ९ | ४५०० | ४८६००० |
| कार्यपालिका सदस्य | ७ | २००० | १६८००० |
| जम्मा | | | ९१८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा गाउँपालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख खडा नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरु एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ । | |
| | | | | |
| ११ | | | **खर्च वर्गीकरण र व्याख्या**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा कार्यालयले शिक्षा पूँजीगत तर्फको खर्च शिर्षकबाट चालु खर्चहरु समेत लेखाङ्कन गरेको नेपाल सरकारबाट स्वीकृत सङ्केत तथा वर्गिकरण भन्दा फरक गरी खर्चको कारोवार गर्ने गरेकोले कानूनमा तोकिएको व्यवस्थाको आधारमा मात्र कारोबार संचालन गर्नुपर्दछ । | |
| | | | | |
| १२ | | | **पेश्की** | |
| १२.१ | | | कार्यालयले निर्माण व्यवसायी तथा कर्मचारीहरुलाई उपलब्ध गराएको पेश्की तोकिएको शर्त र काम पुरा गरी कार्यालयमा फर्किएको १५ दिन भित्र फस्र्यौट गर्ने नगरेको तथा गत विगत देखिनै विभिन्न कर्मचारीको नाममा पेश्की बाँकी देखिएको छ । | |
| १२.२ | | | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९ बमोजिम सामान खरिदका लागि पेश्की दिँदा लाग्ने रकम अनुमान गरी मात्र पेश्की उलब्ध गराउनुपर्नेमा सो अनुसार नगरी एकपुष्ट रुपमा पेश्की दिने र २१ दिन भित्र फस्र्यौट हुने गरेको पाइएन । | |
| १२.३ | | | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४८ बमोजिम दैनिक तथा भ्रमण भत्ता पेश्की भुक्तानी गर्दा तोकिए बमोजिम लाग्ने रकम यकिन नभएको र कार्यालयमा फर्किएको १५ दिन भित्रमा पेश्की पुरै फस्र्यौट नगरेको । | |
| १२.४ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकिएको कार्य सम्पन्न गरी कार्यालय फर्किएको १५ दिन भित्र फाँटवारी पेश गरी पेश्की फस्र्यौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकिएको म्याद भित्र फस्र्यौट गर्नुपर्नेमा गत वर्षदेखि बाँकी रहेको आर्थिक वर्षको अन्त सम्म निम्नानुसार बाँकी रहेको पेश्की असुल फस्र्यौट हुनुपर्ने रु. | ९,२५२,४०५ |

| पेश्कीको विवरण | पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको | म्याद ननाघेको पेश्की | म्याद नाघेको पेश्की |
|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | नाम | | | | |
| | | | अनुगमन तथा मूल्याङ्कन खर्च | ध्रुवकुमार शिवाकोटी | | 15000 | | |
| | | | विविध खर्च | नारायण बस्नेत | | 20000 | | |
| | | | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन | कञ्चनजंघा एफ.एम.प्रा.लि. | | 28000 | | |
| | | | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन | न्यु मेची टाईम्स दैनिक | | 28000 | | |
| | | | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | जानुका चौहान | | 15000 | | |
| | | | भ्रमण खर्च पेश्की | कुल प्रसाद संगौला | | 15000 | | |
| | | | अन्य लक्षित कार्यक्रम | डिल्लीराम गौतम | | 487500 | | |
| | | | भकारो तथा गोठ सुधार बंगुर | सावित्राकुमारी दाहाल | | 175000 | | |
| | | | भकारो तथा गोठ सुधार बंगुर | सावित्राकुमारी दाहाल | | 875000 | | |
| | | | गोठ खोर सुधार (लोकल कुखुरा) | सावित्राकुमारी दाहाल | | 75000 | | |
| | | | भकारो तथा गोठ सुधार बंगुर | सावित्राकुमारी दाहाल | | 525000 | | |
| | | | ९/५ वडा कार्यालय घेरावेरा (कार्यालय परिसर) | वडा कार्यालय घेरावेरा निर्माण उपभोक्ता समिति | | 150000 | | |
| | | | तिनस्नान घर निर्माण | तिनस्ना घर निर्माण उपभोक्ता समिति | | 300000 | | |
| | | | विपन्न आवास कार्यक्रम | आवास निर्माण उपभोक्ता समिति | | 500000 | | |
| | | | पञ्चकन्या एकता रोड सडक मर्मत, विर्तामोड-1, 2 | कालोपत्रे बाटो मर्मत उपभोक्ता समिति | | 1440000 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| कनकाई रोड वडा नं.5 का विभिन्न सडक मर्मत संभार | बाटो निर्माण उपभोक्ता समिति | | 1050000 |
| त्रिवेणी टोल विकास संस्था अन्तर्गत निर्माण भएको गोस बजार व्यवस्थित गरी निर्माण भएको ड्रेनमा ढकनी स्ल्याव | पार्क निर्माण उपभोक्ता समिति | | 350000 |
| डिल्लिराम कोइरालाको घर उत्तर पुर्व पश्चिम बाटोमा पेवर्स | सुगम टोल रोड नं.-6 बाटो निर्माण उपभोक्ता समिति | | 207000 |
| शान्ति मार्ग प्लम निर्माण | शान्ति मार्ग प्लम निर्माण उपभोक्ता समिति | | 150000 |
| विपन्न आवास कार्यक्रम | आवास निर्माण उपभोक्ता समिति | | 1000000 |
| अन्य सार्वजनिक निर्माण | नेपाल विद्युत प्राधिकरण | | 1246905 |
| राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम | श्री मोहनमाया मा.वि. | | 600000 |
| विर्तामोड नगरपालिका कार्यालय कम्पाउण्ड भित्र गार्डेनिङ, भित्र गार्डेनिङ, पेवर्स तथा भवनमा ट्रम निर्माण | महिन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | 788000 | |
| बुट्टावारी चौक दक्षिण लोकबन्धु मार्ग ७ नं. को सिमानासम्म प्लम सहित कालोपत्रे | पृथ्वी निर्माण सेवा | 50000 | |
| सुन्दर सामुदायिक भवन छेउ अदुवा खोला पक्की पुल | मेची कन्स्ट्रक्सन प्रा.लि. | 900000 | |
| जम्मा | | 1738000 | 9252405 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **कानुन निर्माण अवस्था**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था भएकोमा पालिकाले  हाल सम्म २ ऐन २नियमावली २२ कार्यविधि ४ निर्देशिका १ आचारसंहिता निर्माण भइ कार्यान्वियनमा ल्याएको छ। | |
| | | | | |
| १४ | | | **उजुरि तथा मुद्दा फर्स्योट अवस्था**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्वन्धि व्यवस्था छ।  न्यायिक समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिमका विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणलाइ प्राप्त विवरण अनुसार यस पालिकामा आ ब २०७७।७८वाट जम्मा ११ मुद्दा सरिद्व आएको र यस वर्ष ५९ मुद्दा दर्ता भएको मध्ये ४८ मुद्दा फर्छ्यैट भइ १५ मुद्दा बाँकि रहेको देखिएको छ।न्याय सम्पादन प्रकर्यालाइ ऐनले तोकेको म्यादभित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |
| | | | | |
| १५ | | | **अभिलेख व्यवस्थापन** | |
| १५.१ | | | **सूचना प्रविधि पद्धतितर्फः म**हालेखा नियन्त्रकको कार्यालयको च.नं. १-२०७६।४।१ को पत्रानुसार नेपालको संविधान २०७२ को धारा २४१(४) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म ले प फारमको प्रयोग गरी सरकारी कार्यालयले लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाको स्वामित्व र नियन्त्रणमा रहेको सूचना प्रविधि सम्बन्धि विवरण लेखापरीक्षणमा पेश नभएकोले यस सम्बन्धमा एकिन गर्न सकिएन । | |
| १५.२ | | | **मर्मत अभिलेखः म**हालेखा नियन्त्रकको कार्यालयको च.नं. १-२०७६।४।१ को पत्रानुसार नेपालको संविधान २०७२ को धारा २४१(४) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म ले प फारमको प्रयोग गरी सरकारी कार्यालयले लेखा राख्नुपर्ने व्यवस्था छ । सवारी साधन र मेशिन प्रयोगकोअभिलेख राख्न म. ले. प. फाराम ९०५ को(सवारी साधन र मेशिन प्रयोगको लगबुकको)व्यवस्था भएकोमा पालिकाले उल्लेखित ढाँचामा सवारी साधन र मेशिन प्रयोगको अभिलेख अद्यावधिक राख्ने गरेको पाईएन । नियमको व्यवस्थाको पालना गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.३ | | | **भ्रमण अभिलेखः** महालेखा नियन्त्रकको कार्यालयको च.नं. १-२०७६।४।१ को पत्रानुसार नेपालको संविधान २०७२ को धारा २४१(४) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म ले प फारमको प्रयोग गरी सरकारी कार्यालयले लेखा राख्नुपर्ने व्यवस्था छ । भ्रमण खर्चको अभिलेख राख्न म.ले.प फारम नं.९०७(दैनिक कार्य सम्पादन विवरण), म.ले.प फारम नं.९०८(भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता) र म.ले.प फारम नं.९०९(भ्रमण प्रतिवेदन ढाँचा) को व्यवस्था रहेकोमा अभिलेख अद्यावधिक राखेको पाईएन । कानूनको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १५.४ | | | **बेरुजु लगतः म**हालेखा नियन्त्रकको कार्यालयको च.नं. १-२०७६।४।१ को पत्रानुसार नेपालको संविधान २०७२ को धारा २४१(४) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म ले प फारमको प्रयोग गरी सरकारी कार्यालयले लेखा राख्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा सरकारी कार्यालयको बेरुजु लगत राख्न म.ले.प. फा.नं. ८०१ देखि ८०५ सम्म तपसिलको फारमहरुको व्यवस्था रहेकोमा पालिकाले तोकिएको ढाँचामा बेरुजु लगत अद्यावधिक गरेको पाईएन । नियमको व्यवस्थाको पालना गरि लगत अद्यावधिक गर्नुपर्दछ ।<br>म. ले. प. फाराम ८०१ – बेरुजु लगत<br>म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन<br>म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत<br>म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन<br>म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख खाता | |
| | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>राजस्व रकम फिर्ता<br>कार्यालयले आय ठेक्काका कबुल कर्ताहरुबाट संकलन गर्नुपर्ने कबुल रकम मध्ये कोरोना संक्रमणको कारण देखाई नगरप्रमुखको निर्णयबाट ६३ दिन देखि ७२ दिन सम्मको फिर्ता दिने निर्णय गरी निम्नानुसारका ठेकेदारहरुले बुझाउनुपर्ने रकम मध्येबाट निम्नानुसारको रकम फिर्ता गरेकोमा उक्त निर्णय सभाबाट समर्थन नभएको साथै आर्थिक ऐन अनुसार राजस्व छुट र फिर्ता दिने निर्णय नगरसभाबाट मात्र हुनुपर्नेमा सो बमोजिम नभएको अनियमित रकम रु.
<table>
<tr><th>ठेकेदारको नाम</th><th>ठेक्का रकम फिर्ता</th><th>ठेक्काको विवरण</th></tr>
<tr><td>मेरी डियन कन्ट्रसन प्रा.लि.</td><td>१६३४२०</td><td>चारपाने राजगढ सडक</td></tr>
<tr><td>न्यु सीमा विल्डर्स एण्ड कन्ट्रसन</td><td>५०८७४७</td><td>टेक बहादुर गिरी बसपार्क</td></tr>
<tr><td>खतिवडा ट्रेडर्स</td><td>५४४४३९</td><td>दैनिक तथा साप्ताहिक हाटबजार</td></tr>
<tr><td>मेरी डियन कन्ट्रसन प्रा.लि.</td><td>१०४८७२</td><td>कोइला व्यवसायी सेवा शुल्क</td></tr>
<tr><td>जम्मा</td><td>१३२१४७८</td><td></td></tr>
</table></td><td>१,३२१,४७८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>तलब भुक्तानी<br>निजामती सेवा ऐन २०४९ को दफा ७(ख)(२) बमोजिम निजामती कर्मचारीलाई सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास गरेरमात्र तलब खुवाउनु पर्ने व्यवस्था छ । यो आर्थिक वर्षमा पालिकाले तलबी प्रतिवेदन पास नगरी रु.४०९८६८३७/- तलब भत्ता खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित गराएरमात्र तलब भत्ता खर्च लेख्ने व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **रकमान्तर**<br>स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सभाबाट पारित स्वीकृत बजेट खर्च गर्दा तोकिएको आधारमा गर्नुपर्ने व्यवस्था छ । योजना तथा कार्यक्रममा विनियोजन भएको रकमबाट संचालन गरी खर्च गर्दा नपुग भएमा वा कार्यक्रम संसोशन भएमा रकमान्तर गरी स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्नेमा कार्यालयले नगरस्तरिय २ योजना र वडा स्तरीय अन्य योजनाहरुमा स्वीकृत विनियोजन भन्दा बढी खर्च गरेकोमा रकमान्तर गरी खर्च समर्थन गरेको पाइएन । कानूनमा भएको व्यवस्था पालना गरेरमात्र खर्च गर्नुपर्दछ । | |
| | | | | |
| १९ | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमतर्फ**<br><br>:<br>संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रम शिक्षा शर्शत तर्फको रकमबाट निकासा दिई खर्च गराउँदा कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७ को आधारमा तोकिए बमोजिम कार्य गराई खर्च गर्नुपर्ने व्यवस्था छ ।नेपाल सरकार शिक्षा तथा मानव श्रोत केन्द्रले च.नं.२५४-२०७८।३।२० को पत्रबाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमतर्फको रकम भौतिक पूर्वाधारको समेत तत्काल निकासा दिई सम्पन्न हुन बाँकी काम गर्ने गराउने व्यवस्था गरी निकासा दिन परिपत्र गरेको छ । सोही परिपत्रको आधारमा देहायका विद्यालयहरुलाई भवन निर्माणको लागि रकम निकासा दिएकोमा विद्यालयले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ को व्यवस्था बमोजिम पेश हुनुपर्ने कार्य सम्पन्न प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश भएन । सम्झौताको शर्त अनुसार भएको निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन प्रमाण पेश हुनपर्ने रु.<br><br>**विद्यालयको नाम** — **निकासा रकम**<br>दुर्गा मा.वि. २ कोठे भवन निर्माण — १८०००००<br>मोहनमाया मा.वि. ४ कोठे भवन निर्माण — ३६०००००<br>**जम्मा** — **५४०००००** | ५,४००,००० |
| | | | | |
| २० | | | **अनुगमन मूल्यांकन**<br>पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर परीक्षण गर्न मापदण्ड तयार गरी नियमित रुपमा अनुगमन मुल्यांकन गरी प्रतिवेदन सार्वजनिक गरी नियमन गर्नुपर्दछ । | |
| २०.१ | विभिन्न | | लेखापरीक्षणमा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन गर्न आवश्यक मापदण्ड, अनुगमन प्रतिवेदन लगायतको विवरण पेश नभएको कारण यस सम्बन्धमा एकिन गर्न सकिएन । | |

| विद्यालयको नाम | निकासा रकम |
|---|---|
| दुर्गा मा.वि. २ कोठे भवन निर्माण | १८००००० |
| मोहनमाया मा.वि. ४ कोठे भवन निर्माण | ३६००००० |
| **जम्मा** | **५४०००००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.२ | | | लेखापरीक्षणमा विद्यालय अनुगमन मापदण्ड, अनुगमन लगायतको विवरण पेश नभएको कारण यस सम्बन्धमा एकिन गर्न सकिएन । | |
| | | | | |
| २१ | | | **सेवा प्रवाहतर्फः**<br>**सेवा प्रवाह विवरण**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहले आफ्नो नागरिकहरुलाई प्रदान गरेका सेवा र सोको प्रभावकारिता सम्बन्धमा अनुगमन तथा पृष्ठपोषण समेत लिई सेवाको गुणस्तर समेतमा आश्वस्त भई सेवा प्रवाह सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०७७।७८ को अवधिमा प्रदान गरेको सेवाहरुको सम्बन्धमा विवरण माग गरिएकोमा यस सम्बन्धि विवरण पेश हुन नआएकोले पालिकाको सेवा प्रवाहको अवस्था सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । | |
| | | | | |
| २२ | ९४, १३६ र १७२ | | **निःशुल्क पाठ्यपुस्तक र छात्रवृत्ति खर्च अवस्था**<br>संघीय सरकारबाट प्राप्त बजेट तथा कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिए बमोजिमका खर्चको निर्देशिकाको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा निकासा दिएको पाठ्यपुस्तक खर्च र छात्रवृत्तीको खर्च अवस्थाको परीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छन<br>:<br>• पालिकाले शैक्षिक सत्र २०७८ को कक्षा ४ को पाठ्यपुस्तक अनुदान रकम  वटा विद्यालयमा निकासा दिंदा प्रति विद्यार्थी रु.३७०।- को दरले निकासा दिनुपर्नेमा रु.३९७।-को दरले विभिन्न १९ वटा विद्यालयमा - चमरथाप प्रा वि बाहेक निकासा दिएकोमा बढी निकासा दिएको रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोष फिर्ता दाखिला हुनुपर्ने रु...<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्रको २०७८।२।२५ च नं ३९५ को परिपत्रानुसार न पाले २०७७ को ईमिस डाटाको आधारमा भौचर नं ९४ बाट रु.३८७२४५२/- भौचर नं १३६ बाट रु.११६०९०६/- र भौचर नं १७२बाट रु.१२३९२१/- सहित जम्मा रु.५१५७२७९/- निःशुल्क पाठ्यपुस्तक अनुदान रकम निकासा दिएकोमा तपसिलको विद्यालयमा ईमिस विवरण भन्दा बढी विद्यार्थीलाई पाठ्यपुस्तक रकम निकासा दिएको देखिएको र लेप अवधि सम्म शैक्षिक सत्र २०७८ को ईमिस डाटाबाट विद्यालयमा निकासा पठाईएको रकमको भिडान गरी बढी भए नभएको रकम एकिन गरेको पाईएन । | १५,१८४ |

| विद्यालयको नाम | २०७७ ईमिस अनुसार कुल विद्यार्थी संख्या | निकासा दिएको विद्यार्थी संख्या | बढीनिकासा रकम | कैफियत |
|---|---|---|---|---|
| देवी मा वि विर्तामोड ५ | १६०२ | १६४२ | १७७६०६ | कक्षा ८ को ईमिस अनुसार विद्यार्थी संख्या १९८ रहेकोमा २३८ को निकासा |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| विर अमरसंह मा वि विर्तामोड २ | ४५० | ४५३ | ३८५७१ | कक्षा ६-८ को ईमिस अनुसार विद्यार्थी संख्या १०८ रहेकोमा १११ को निकासा |
| पञ्चरत्न मा वि विर्तामोड ५ | २४४ | २५३ | ६८२२ | कक्षा ५ को ईमिस अनुसार विद्यार्थी संख्या २९  रहेकोमा ३४ र कक्षा ६-८ को ईमिस अनुसार विद्यार्थी संख्या ७५ रहेकोमा ८० गरी जम्मा ९ को बढी निकासा |
| दुर्गा माविबिर्तामोड ९ | ८०६ | ८२९ | २८७०४ | कक्षा ८ को ईमिस अनुसार विद्यार्थी संख्या १०५ रहेकोमा १३७ को निकासा |
| | | जम्मा | २५१७०३ | |

- नगरपालिकाले कोविडको कारण बन्द भएको विद्यालयमा सो अवधिमा निकासा गरिएको विभिन्न छात्रवृत्तिहरु सम्बन्धित विद्यालयहरुले विद्यार्थीहरुलाई वितरण गरे नगरेको अभिलेख लिई अनुगमन प्रतिवेदन तयार गरेको पाईएन । तोकिएको कार्यमा निकासा भएको रकमको खर्च सुनिश्तितता हुनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । महानगरपालिकाले धार्मिक तथा सांस्कृतिक र अन्य संस्था सहायता प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. २९०३३६२/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २४ | विभिन्न | | **पदाधिकारी सुविधातर्फः** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ को दफा ४ मा  नगरसभा द्वारा गठित विषयगत समितिमा उपश्थित सदस्यहरुलाइ अनुसुचि२ बमोजिम अध्यक्ष लाइ रु१५०० रअन्य सदस्यलाई रु १००० को दरले वैठक भत्ता दिने र समितिको बैठक जतिसुकै पटक वसे पनि उपश्थित सदस्यले महिनामा एउटा बैठकको मात्र बैठक भत्ता पाउने व्यवस्था छ। पालिकाले निम्न वमोजिम समितिका सदस्यहरुलाई समेत रु १५०० का दरले वैठक भत्ता भुक्तानि गरेको र मासिक एउटा भन्दा वढी बैठक को बैठक भत्ता भुक्तानी गरेको पाइयो। ऐन मा भएको व्यवस्था भन्दा वढी दर तथा संख्या मा भुक्तानी भएको वैठक भत्ता असुल गर्नुपर्ने रु | १३१,७५० |

| समितिको नाम | सहभागीको नाम थर | बढी दरमा | | | | | मासिक बढी | | जम्मा बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बैठक संख्या | पाउने दर | दिएको दर | बढी दर | कर कट्टी घटाई बढी भुक्तानी रकम | बैठक संख्या | भुक्तानी कर कट्टी घटाई | | | |
| | | | | अर्थ तथा सार्वजनिक लेखा समिति भौ नं ११४३।२०७८।३।२० | भागिरथा आचार्य | ४ | १००० | १५०० | ५०० | १७०० | २ | २५५० | ४२५० | | |
| | | | | | प्रेम प्रसाद थापा | ४ | १००० | १५०० | ५०० | १७०० | २ | २५५० | ४२५० | | |
| | | | | | पवित्रा कोईराला ढुंगाना | ४ | १००० | १५०० | ५०० | १७०० | २ | २५५० | ४२५० | | |
| | | | | | सोमराज थापा | ४ | १००० | १५०० | ५०० | १७०० | २ | २५५० | ४२५० | | |
| | | | | | गणेश प्रसाद दाहाल | ४ | १००० | १५०० | ५०० | १७०० | २ | २५५० | ४२५० | | |
| | | | | | यादव अधिकारी | ४ | १००० | १५०० | ५०० | १७०० | २ | २५५० | ४२५० | | |
| | | | | | जयराम चौंलागाई | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | | |
| | | | | | पदम प्रसाद धिमिरे | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | | |
| | | | | | तेज कुमारी गौतम बराल | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | | |
| | | | | | राम बुढाथोकि | ३ | १००० | १५०० | ५०० | १२७५ | ० | ० | १२७५ | | |
| | | | | वातावरण तथा विपद व्यवस्थापन समिति भौ नं ११६१।२०७८।३।२० | कुल प्रसाद संग्रौला | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | | |
| | | | | | किशोर कुमार पौडेल | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | | |
| | | | | | पर्शुराम खनाल | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | | |
| | | | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सुर्य बहादुर लावती | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | | |
| | | | | | निर्मला देवी सुनार | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | | |
| | | | | | पदमराज घिमिरे | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | | |
| | | | | विधयेक समिति भौ नं ११६१।२०७८।३।२० | गिता घिमिरे पोखरेल | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | | |
| | | | | | अर्जुन सिटौला | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | | |
| | | | | | दिपक भट्टराई | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | | |
| | | | | | तारा भट्टराई | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | | |
| | | | | | सृष्टी बस्नेत | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | | |
| | | | | | पदमराज घिमिरे | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | | |
| | | | | सार्वजनिक सेवा तथा क्षमता विकास भौ नं ११६१।२०७८।३।२० | द्रोपदी गणेश | २ | १००० | १५०० | ५०० | ८५० | २ | २५५० | ३४०० | | |
| | | | | | प्रेम कुमार खरेल | २ | १००० | १५०० | ५०० | ८५० | २ | २५५० | ३४०० | | |
| | | | | | एविन्द्र खत्री | २ | १००० | १५०० | ५०० | ८५० | २ | २५५० | ३४०० | | |
| | | | | | कुमारी दर्जि | २ | १००० | १५०० | ५०० | ८५० | २ | २५५० | ३४०० | | |
| | | | | | देवराज कार्की | २ | १००० | १५०० | ५०० | ८५० | २ | २५५० | ३४०० | | |
| | | | | | पदमराज घिमिरे | २ | १००० | १५०० | ५०० | ८५० | २ | २५५० | ३४०० | | |
| | | | | | शम्भु कुमार साह | २ | १००० | १५०० | ५०० | ८५० | २ | २५५० | ३४०० | | |
| | | | | | दिपेश गणेश | २ | १००० | १५०० | ५०० | ८५० | १ | १२७५ | २१२५ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रकाश न्यौपाने | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | |
| | | | | राम बुढाथोकि | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | |
| | | | | तेज कुमारी गौतम बराल | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | |
| | | | | महेन्द्र बराल | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | |
| | | | राजश्व परामर्श समिति भौ नं ११६२।२०७८।३।२२ | पवित्रा देवी महतारा | ५ | १००० | १५०० | ५०० | २१२५ | १ | १२७५ | ३४०० | |
| | | | | गणेश प्रसाद दाहाल | ५ | १००० | १५०० | ५०० | २१२५ | २ | २५५० | ४६७५ | |
| | | | | सुरेन राजवंशी | ५ | १००० | १५०० | ५०० | २१२५ | १ | १२७५ | ३४०० | |
| | | | | चन्द्रकला पकुवाल | ५ | १००० | १५०० | ५०० | २१२५ | १ | १२७५ | ३४०० | |
| | | | | रामचन्द्र घिमिरे | ३ | १००० | १५०० | ५०० | १२७५ | ० | ० | १२७५ | |
| | | | | डेन्जनी आचार्य | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | |
| | | | | पदमराज घिमिरे | ५ | १००० | १५०० | ५०० | २१२५ | २ | २५५० | ४६७५ | |
| | | | | देवराज कार्की | ४ | १००० | १५०० | ५०० | १७०० | ० | ० | १७०० | |
| | | | | यादव अधिकारी | ३ | १००० | १५०० | ५०० | १२७५ | ० | ० | १२७५ | |
| | | | | सोमराज थापा | ३ | १००० | १५०० | ५०० | १२७५ | ० | ० | १२७५ | |
| | | | | जय तिम्सिना | ५ | १००० | १५०० | ५०० | २१२५ | ० | ० | २१२५ | |
| | | | | जयराम चौंलागाई | ४ | १००० | १५०० | ५०० | १७०० | ० | ० | १७०० | |
| | | | | मेघराज बास्तोला | ४ | १००० | १५०० | ५०० | १७०० | ० | ० | १७०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | राम बुढाथोकि | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | | |
| | | | | | तेज कुमारी गौतम बराल | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | | |
| | | | | | प्रकाश न्यौपाने | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | | |
| | | | | | महेन्द्र बराल | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | | |
| | | | | | शम्भु कुमार साह | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | | |
| | | | | | दिपेश गणेश | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | | |
| | | | | वातावरण तथा विपद व्यवस्थापन समिति भौ नं १३०७।२०७८।३।२९ | कुल प्रसाद संग्रौला | ३ | १००० | १५०० | ५०० | १२७५ | १ | ४२५ | १७०० | | |
| | | | | | किशोर कुमार पौडेल | ३ | १००० | १५०० | ५०० | १२७५ | १ | ४२५ | १७०० | | |
| | | | | | पर्शुराम खनाल | ३ | १००० | १५०० | ५०० | १२७५ | १ | ४२५ | १७०० | | |
| | | | | | सुर्य बहादुर लावती | ३ | १००० | १५०० | ५०० | १२७५ | १ | ४२५ | १७०० | | |
| | | | | | निर्मला देवी सुनार | ३ | १००० | १५०० | ५०० | १२७५ | १ | ४२५ | १७०० | | |
| | | | | | पदमराज घिमिरे | ३ | १००० | १५०० | ५०० | १२७५ | १ | ४२५ | १७०० | | |
| | | | | | प्रकाश मैनाली | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | | |
| | | | | सामाजिक विकास समिति भौ नं ११२०।२०७८।३।१६ | संगिता शिवा | ५ | १००० | १५०० | ५०० | २१२५ | ० | ० | २१२५ | | |
| | | | | | दिपिका शिवा | ५ | १००० | १५०० | ५०० | २१२५ | ० | ० | २१२५ | | |
| | | | | | गंगा प्रसाद प्रसाँई | ५ | १००० | १५०० | ५०० | २१२५ | ० | ० | २१२५ | | |
| | | | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | केशर बहादुर खवास | ५ | १००० | १५०० | ५०० | २१२५ | ० | ० | २१२५ | |
| | | | | तिलचन भण्डारी | ५ | १००० | १५०० | ५०० | २१२५ | ० | ० | २१२५ | |
| | | | | यादव अधिकारी | ५ | १००० | १५०० | ५०० | २१२५ | ० | ० | २१२५ | |
| | | | | तुलसी पोखरेल | ४ | १००० | १५०० | ५०० | १७००० | ० | ० | १७०० | |
| | | | | डिल्ली दाहाल | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | |
| | | | | दिनेश प्रसाद आचार्य | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | |
| | | | | जानुका रेग्मी | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | |
| | | | | पुष्पा कार्की | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | |
| | | | | विकास शिवा | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | |
| | | | | मित्रलाल ओली | २ | १००० | १५०० | ५०० | ८५० | ० | ० | ८५० | |
| | | | | दिपक सापकोटा | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | |
| | | | | यम कुमारी भट्टराई | १ | १००० | १५०० | ५०० | ४२५ | ० | ० | ४२५ | |
| | | | जम्मा | | | | | | | | | १३१७५० | |
| | | | | | | | | | | | | | |
| २५ | | | **खरिद तथा अन्य व्यवस्थापनः** | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.१ | | | **सवारी साधन खरिदः**अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.९७३२००/- खर्च गरेको छ । | |
| २५.२ | विभिन्न | | **खरिद सम्झौता कार्यान्वयनः**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गरे गर्नुपर्ने व्यवस्था भएकोमा कार्य स्वीकार प्रतिवेदन तयार गरेको देखिएन। कार्य सम्पन्न प्रतिवेदन: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन। | |
| २५.३ | विभिन्न | | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण सम्बन्धि कामको भुक्तानी गर्दा निर्माण कार्यमा प्रयोग भएको सामग्रीको गुणस्तर परीक्षण गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत गराएको कामको गुणस्तर परिक्षण नगरेको र ठेक्का पट्टा तर्फको कामको समेत QAP(Quality Assurance Plan) स्वीकृत गरी सोमा तोकिएको फ्रिक्वेन्सी र परीमाणमा सामग्री परीक्षण नगराई आंशिक मात्र परिक्षणको आधारमा भुक्तानी गर्ने गरेकोले नियममा भएको व्यवस्था बमोजिम निर्माण कार्यको गुणस्तर परिक्षण गराएर मात्र भुक्तानी गर्नुपर्दछ । | |
| २५.४ | विभिन्न | | **खरिद सम्बन्धि कागजातः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्बन्धि कार्य गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृत ढाँचाका कागजात प्रयोग गरी सम्झौताका शर्तहरु सहितको खरिद सम्झौता गर्नुपर्नेमा कार्यालयले खरिद सम्बन्धि कार्य गर्दा स्वीकृत ढाँचामा सम्झौता गरी सम्झौताका शर्त र अन्य व्यवस्थाहरुलाई उल्लेख गर्ने नगरेको कारण पूर्व निर्धारित क्षतिपूर्ति लगायतका व्यवस्था हरु स्पष्ट नभएकोले काम सम्पन्न नभएको अवस्था तथा सम्झौता उल्लंघन भएमा गर्नुपर्ने थप कारवाहीको अवस्था एकिन नदेखिएकोले स्वीकृत ढाँचाको प्रयोग गरी खरिद सम्बन्धि सम्झौता र कार्य गराउनु पर्दछ । | |
| २५.५ | विभिन्न | | **सार्वजनिक सुनुवाईः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण गर्नुपर्ने, सुशासन व्यवस्थापन नियमावली २०६५ को नियम १९ अनुसार सार्वजनिक सुनुवाई प्रत्येक ४ महिनामा कम्तिमा १ पटक गराउनुपर्ने र त्यस्तो सार्वजनिक सुनुवाईको क्रममा सेवाग्राही समक्ष प्रतिवद्धता जनाएका कुराहरु पुरा गर्न कार्यालयले गरेका प्रयासहरु बारे जानकारी दिनुपर्ने व्यवस्था छ । लेखापरीक्षणमा यस सम्बन्धि विवरण प्राप्त नभएकोले उल्लेख गर्न सकिएन । | |
| | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>अनुदान प्राप्ति उपयोगः</td><td></td></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहले आफ्नो आन्तरिक आयबाट महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा कानूनमा व्यवस्था गरेरमात्र खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले यस सम्बन्धी कानूनमा व्यवस्था नगरी यो वर्ष रु.२९०३३३२/- सहायता र अन्य कार्यमा खर्च गरेको छ । कानूनमा व्यवस्था गरेरमात्र यस्तो कार्यमा खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम प्राप्त भएका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा आषाढ महिनामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष प्राप्त अनुदान रकम मध्ये संघय सरकार बाट प्रप्त रकम मध्ये निम्नानुसारको अनुदान रकम २०७८ श्रावण महिना मा मात्र कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत फिर्ता गरेको छ।<br><br>
<table>
<tr><th>अनुदान</th><th>संघ</th><th>प्रदेश</th></tr>
<tr><td>विशेष अनुदान</td><td>१७३६१३८२</td><td>०</td></tr>
<tr><td>शशर्त अनुदान</td><td>१८१४९४९५२।०६</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६.३</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम पालिकाले अन्य निकाय तथा व्यक्तिलाई अनुदान दिँदा कानून तथा कार्यविधि स्वीकृत गरी सोही आधारमा मात्र दिनुपर्नेमा यस सम्बन्धी कार्यविधि तथा कानूनमा व्यवस्था नगरी विभिन्न सामाजिक सेवा अनुदान वित्तीय अनुदान र एकमुष्ट अनुदान दिई खर्च गरेको छ । विनियोजन ऐनमा रकम समावेश गरी कानूनको आधारमा मात्र अनुदान र सहायता खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>क्षेत्रगत विनियोजन र खर्च स्थिति<br>स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहले बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गर्दा तोकिएका क्षेत्र र उपक्षेत्रगतमा लिएका लक्ष्य अनुरुप प्रगति हासिल गर्नको लागि बजेट प्रस्ताव गर्दा दिगो विकास लक्ष्य हासिल हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस वर्षको क्षेत्रगत खर्च विवरण निम्नानुसार देखिएको छ ।
<table>
<tr><th>सि.नं.</th><th>क्षेत्र/उप क्षेत्र</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (प्रतिशत)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४,७८,३४,२७०</td><td>४,१८,३२,९४२.९८</td><td>८७.४५</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>५१,३७,०६,७४३</td><td>२८,२१,८३,९०४.६३</td><td>५४.९३</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>७२,४२,८६,१७६.९२</td><td>४९,०४,३६,६४०.२२</td><td>६७.७०</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>२,३५,५०,०००</td><td>१,७८,७४,५८६.४५</td><td>७५.९०</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१४,७९,७९,९६९.०८</td><td>१३,९१,२७,८४८.१९</td><td>९४.०२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१,४५,७३,५७,१५९</td><td>९७,१४,५५,९२२.४७</td><td>६६.६५</td></tr>
</table>
उपरोक्तानुसार कार्यालयले पूर्वाधार विकासमा स्वीकृत गरेको विनियोजन अन्य क्षेत्रको भन्दा तुलनात्मक रुपमा कम रहेको छ । प्रशासनीक तर्फको खर्च विनियोजनको तुलनामा सबै भन्दा बढी खर्च भई रहेको अवस्था देखिएकोले प्रशासनीक खर्चमा नियन्त्रण गरी पूर्वाधार तर्फको लगानीमा वृद्धि गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>कोभिड-१९ तर्फ</td><td></td></tr>
<tr><td>२८.१</td><td>१२५</td><td>२०७८-३-४</td><td>सन्देश प्रसारण सम्बन्धी सामग्री उत्पादन गर्दा उक्त सन्देश प्रसारण गर्ने माध्यम समेत तोकी सम्झौता गरी कार्य गराउनुपर्नेमा कार्यालयले कादम्वीनी प्रोडक्सन एण्ड ट्रेनिङ सेन्टरबाट अडियो/भिडियो सामग्री निर्माण गरेको उल्लेख गरी रु.१३५६०० भुक्तानी गरेको छ । उक्त सामग्री निर्माण र प्रसारण गर्ने सम्बन्धी ट्रेनिङ सेन्टर र नगरपालिका बीच भएको सम्झौता पेश भएन । साथै सेन्टरले निर्माण गरेका सन्देशहरु प्रसारण गरेको अभिलेख समेत पेश नभएकोले तोकिएकै कार्यमा खर्च भएको सुनिश्चित भएन । प्रसारणको माध्यम र स्थान यकिन नगरी सम्झौता वेगरनै सामग्री उत्पादनमा गरेको खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने रु.</td><td>१३५,६००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८.२ | | | कार्यालयले गत वर्षको मौज्दात रकम मध्ये यस वर्ष जिम्मेवारी सारी सोमा प्रदेश सरकारबाट थप रु.१० लाख र अन्य आफ्नो योजना कार्यक्रमको बजेटबाट उक्त कोषमा रु.७५९१९८० थप गरी जम्मा रु.२४७९७७९२.६८ मध्ये रु.१७४४७५२३ खर्च गरी वर्षान्तसम्म रु. ७३५०२६९.६८ मौज्दात देखाएकोमा सोको बैंक भिडान गरी बैंक मौज्दात पेश नगरेको । गत वर्ष एन.एम.वी. बैंकमा छुट्टै खाता खोली कारोवार संचालन गरेकोमा गरेकोमा यो वर्ष उक्त बैंकमा रहेको रकमलाई दुई पटक ट्रान्स्फर गरी एन.आई.सी. एशिया बैंकमा नँया खाता खोली रकम सारेको छ । वर्षान्तमा बाँकी देखिएको मौज्दात भिडान गर्ने गरी दुवै बैंकको बैंक मौज्दात प्रमाण पेश भएन । यस कोषबाट यो वर्ष कनकाई नगरपालिकाको पत्रको आधारमा कनकाई पीसीआर ल्याव कोष संचालन गर्न सो नगरपालिका मार्फत रु.५००००० उपलब्ध गराएकोमा उक्त रकम उपलब्ध गराउने सम्बन्धी नगरपालिका र संस्था बीच सम्झौता भएको देखिएन । सम्झौता वेगर निकासा गरिएको रकमबाट पालिकाले उक्त ल्यावमा संक्रमितहरुको नमूना परीक्षण वापतको रकम कट्टा गर्ने जानकारी दिएको छ । सम्बन्धित संस्थाको खातामा जम्मा भएको र सोबाट भएको खर्च समेत पेश नभएकोले खर्चको सुनिश्चिता भएको छैन । | |
| २८.३ | | | सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद सम्बन्धी कार्य गर्दा नियममा तोकिएको व्यवस्था बमोजिमको आधारबाट तोकिएको प्रकृया पुरा गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कोरोना संक्रमणको अवधिमा उपचार सामग्री खरिद तथा क्वारेन्टिन, आइसोलेशन सेन्टरका लागि अन्य सामग्री खरिद गर्दा प्रतिस्पर्धा वेगर सोझै खरिद गर्ने गरेको पाइयो । राहत वितरणको लागि खरिद गरिएका खाद्य सामग्रमी मध्ये ७०० केजी नुन र ६६० केजी दाल विक्रि गरी २०७७।१२।२५ मा रु.८२९८० आम्दानी गरी सोही खाताबाट खर्च गरेको छ । | |
| २८.४ | | | **खोप सेवाः** पालिकाबाट प्राप्त विवरण अनुसार २०७७।७८ को अवधिमा भेरीसेल २०८६ र कोभिसिल्ड ४८८५ सहित ६९७१ डोज खोप प्राप्त भई ३४९७ पुरष तथा ३४७४ महिलाहरुले खोप लिएको विवरण पेश भएको छ । | |
| २८.५ | | | पालिकाबाट प्राप्त विवरण अनुसार कोभिड-१९ नियन्त्रण र व्यवस्थापनमा २०७८ साल आषाढ सम्म रु.२४७९७७९२.६८ प्राप्त भएको र सो मध्ये आइसोलेशन केन्द्र निर्माण तथा क्वारेन्टिन र कोभिड अस्पताल व्यवस्थापनमा रु.६८३३६२५/- जनशक्ति परिचालनमा रु.३६०४०९६/- तथा औषधि उपकरण र सामाग्री खरिदमा रु.४०६२७२५/- खर्च गरेको देखिएको छ । | |
| | | | | |
| २९ | | | **अधुरा ठेक्कातर्फः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.१ | विभिन्न | | • **बिर्तामोड नगरपालिका अस्पताल**<br><br>1. **मोबिलाईजेशन पेश्की कट्टीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी गर्दा सम्झौताको शर्तमा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था गरी पेश्की रकम प्रत्येक रनिङ बिलबाट कट्टा गर्नुपर्नेमा कार्यालयले बिर्तामोड नगर अस्पताल निर्माण कार्यका निर्माण व्यवसायीलाई आ व २०७६।७७ मा रु.९६०००००/- पेश्की उपलब्ध गराएको र २०७७।३।३१ मा प्रथम रनिङ बिल बापत रु.११६८०२००/- भुक्तानी गरेको तथा यो वर्ष तेश्रो रनिङ बिल सम्म रु.१४०४६६१६/- भुक्तानी गर्दा रु.१४११००/- मात्र पेश्की कट्टा गरेको पाईयो । तोकिएको आधारबाट प्रत्येक रनिङ बिलबाट पेश्की कट्टा नगरेकोले सम्झौताको शर्त र नियमा भएको व्यवस्थाको पालना गरेरमात्र पेश्की दिई कट्टा गर्नुपर्दछ ।<br><br>• **वडा नं ६ कार्यालय भवन**<br><br>1. **अधुरो ठेक्का फाईनलः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी गर्दा सम्झौताको शर्तमा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वडा नं ६ को वडा भवन निर्माण कार्य गर्ने निर्माण व्यावसायीसंग २०७७।२।३१ मा सम्झौता गरी २०७७।८।२६ सम्म कार्य अवधि रहकोमा निर्माण व्यवसायीले शुरु अवधि भित्र कुनै कामको बिल र प्रगति पेश नगरेकोमा म्यादथप गरी २०७८।२।२६ सम्म(कोभिडको अवस्था देखाई) पुर्‍याएको छ । निर्माण व्यवसायीको उक्त अवधिपछि म्यादथप नगरेको र यो वर्ष अन्तिम बिल तयार गरी कार्य सम्पन्न स्वीकृत गरेकोमा सम्झौता अनुसारको कामको परिमाण मध्ये 3 MM Thick fine cement punning work on floor तथा Double coat water proof cement painting तथा ईनामेल समेतका कार्य नगराई ठेक्का फाईनल गरेको पाईयो । सम्झौता बमोजिमका कार्य नै नगराई ठेक्का फाईनल गरेकोले बाँकी कार्यमा थप लागत व्यहोर्नुपर्ने अवस्था देखियो । यस्तो कार्यमा नियन्त्रण गरी सम्झौताका सबै कार्य पुरा गराएर मात्र फाईनल बिल तयार गरी भुक्तानी गर्नु पर्दछ । | |
| २९.२ | विभिन्न | | **बिर्तामोड नगरपालिका अस्पताल**<br><br>1. **बिमाः**<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण कार्यको सम्झौता गर्ने निर्माण व्यवसायीले साईट हस्तान्तरण भएको अवधि देखि नियमावली २०६४ को नियम ११२ मा निर्माण कार्यको सम्झौता गर्ने निर्माण व्यवसायीले साईट हस्तान्तरण भएको अवधि देखि त्रुटी सच्याउने अवधिसम्म अवधि समेटिएको कामको विमा | ६,१५७,८१३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गराई पेश गर्नुपर्ने व्यवस्था छ । यो अस्पताल निर्माणको अवधि २०७७।३।८ देखि २०८९।३।१ सम्म रहेको छ । निर्माण व्यवसायीलाई बिमा बापत रु.३३२२३९/- भुक्तानी गरेकोमा निर्माण व्यवसायी धुलिखेलनिर्माण सेवाले पेश गरेको बिमा पोलिसिको अवधि २०७८।२।२६ देखि २०७९।२।२८ सम्मको रहेकोले सम्झौता भन्दा १ वर्ष पछिको अवधिबाट त्रुटी सच्याउने अवधिक नसमेटीएको बिमा पोलिसि समावेश गरी रकम भुक्तानि गरेकोले त्रुटी सच्याउने अवधि समेटीएको बिमाको पोलिसि लिनुपर्ने अनियमित खर्च रु.३३२२३९/-<br><br>1. **कामको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानि गर्दा करारको शर्त बमोजिम गर्नुपर्ने व्यवस्था छ । निर्माण सम्बन्धि कार्य गराई भुक्तानी गर्दा स्वीकृत स्ट्यान्डर्ड स्पेशिफिकेशन बमोजिम खपत गरिएका सामग्रीको गुणस्तर परीक्षण गराएरमात्र भुक्तानी गर्नु पर्नेमा यो अस्पताल निर्माण कार्यको डिपिआर तथा स्ट्यान्डर्ड स्पेशिफिकेशन र स्वीकृत QAP लेखापरीक्षणमा पेश भएन । निर्माण कार्यमा प्रयोग भएका सामग्रीहरुको स्वीकृत स्ट्यान्डर्ड स्पेशिफिकेशनमा तोकिएको परिमाण र फ्रिक्वेन्सी अनुसार परीक्षण नगराई यो वर्ष सम्म कन्क्रिट कार्य(M20 / M15) तथा ६७७४१.२६ के.जि. डण्डी खपतको रनिङ बिल तयार गरी रु.५८२५५७४/- भुक्तानी गरेको छ । अस्पताल संरचना निर्माण कार्यको गुणस्तर परीक्षण बेगर भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । भवन निर्माण कार्य गराउँदा गुणस्तर परीक्षण गराएरमात्र भुक्तानी गर्नुपर्नेमा परीक्षण बेगर भुक्तानी गरेको अनियमित रु.५८२५५७४/-<br>2. अथिति सदन-जगत बस्ती सडक खण्डमा Asphalt concrete को कार्य ४०५.८५ घ.मी. गराई रु.७५०५३३८/- भुक्तानी गरेकोमा उक्त कामको चेनेज खुलाई Core cutter value समावेश नभएको र 0.04m को Thickness को आधारमा कुल परिमाण गणना गरिएकोमा सो कामको समेत परीक्षण गराई ल्याव रिपोर्ट समावेश नगरेकोले कालोपत्रे कामको कार्य सम्पन्न गरेपछि गुणस्तर परीक्षण लिएर मात्र भुक्तानी गर्नुपर्दछ ।<br>3. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा कार्यसम्पादन जमानत सम्बन्धी व्यवस्था रहेको छ । खरिद सम्झौता गर्दा पेश गरिएको कार्यसम्पादन जमानतको अवधि त्रुटि सच्चाउने अवधि भन्दा 1 महिना बढी अवधिको हुनुपर्ने गरी तोकिएकोमा यस ठेक्काका निर्माण व्यवसायीको फाइनल विल २०७८।३।२९ (१५ जुन २०२१) मा मात्र भुक्तानी गरेको छ । निर्माण व्यवसायी सिंह एण्ड व्रदर्शले सम्झौता गर्दा पेश गरेको रु.1506710/- को कार्यसम्पादन जमानतलाई बैंकले ग्यारेन्टि घटाई रु.1079803/- गरेकोमा कार्यालयले सो सम्बन्धमा यकिन नगरी घटी मात्रको जमानत स्वीकृत गरेको देखियो । सम्झौता शर्त अनुसार २०७९।४।२८ सम्मको अवधि समेटिएको कार्यसम्पादन जमानत लिएर मात्र बाँकी रकम भुक्तानी गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.३ | विभिन्न | | • **रेखाखोला कल्भर्ट(NCB 07-2076।77)**<br>1. **पूर्व निर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको अवधि भित्र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीले सार्वजनिक निकायलाई पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ । रेखाखोला कल्भर्ट निर्माण गर्ने निर्माण व्यवसायीको शुरु सम्झौता अवधि २०७७।८।२६ सम्म रहेकोमा कार्यालयले म्याद थप गरी २०७८।१।२६ पुर्‍याएको छ । उक्त अवधिपछि म्यादथप नभएकोमा निर्माण व्यवसायीले २०७८।२।३० मा मात्र कार्यालयमा काम सम्पन्न भएको निवेदन दर्ता गरेको पाईयो । निर्माण व्यवसायीलाई अन्तिम बिल २०७८।३।१७ मा भुक्तानि गरेकोले सम्झौतामा तोकिएको अवधि भन्दा ढिलो काम गर्ने निर्माण व्यवसायीलाई नियमानुसार पूर्वनिर्धारित क्षतिपूर्ति लिएरमात्र भुक्तानी गर्नुपर्नेमा सो अनुसार नभएकोले पूर्व निर्धारित क्षतिपूर्तिबापतको रु.९३१३४/- असुल हुनुपर्ने रु. | ९३,१३४ |
| | | | | |
| ३० | | | **ठेक्का व्यवस्थापन र भुक्तानी प्रकृया** | |
| ३०.१ | | | **मेघावारी-कन्चनजंगा सडकः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङविल वा अन्य विलको भुक्तानी गर्दा वास्तविक सम्पन्न कामको नापी कितावका प्रमाणित कामको मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यो ठेक्कामा निर्माण व्यवसायीलाई अन्तिम विलको रकम भुक्तानी गर्दा तयार गरिएको नापी कितावमा इन्टरलिङ्कीङ ब्लक विच्छाउने कामको लम्वाईको आधारमाबाट क्षेत्रफल गणना गर्दा ५ टुक्रामा गरी कूल परिमाण कायम गर्दा सववेश राखेको क्षेत्रको लम्वाई भन्दा वेसकोर्सको लम्वाई १०७ मिटर थप गरेको र ब्लक राखेको क्षेत्रको कोर्स तयार गरिएको भन्दा ३१ मीटर लम्बाई घटी देखिएकोले कामको नापजाँचमा फरक गरी बढी परिमाण गणना गरेकोले निम्नानुसारको रु.३२४५५०/- र सो मार्फत मू.अ.कर रु.४२१९१/- असुल हुनुपर्दछ रु.३६६७४१/- | १,२७४,३५० |

| आइटम | हुनुपर्ने परिमाण | गणना गरेको परिमाण | बढी परिमाण | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| 8 वेसकोर्ष कार्य | 726.47 घ.मी. | 817.85 | 91.38 | 2500 | 228450 | सववेसमा नभएको लम्वाई |
| | | | 38.44 | 2500 | 96100 | सववेस गरेको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | भन्दा इन्टरलिङ्किङ घटी लम्वाई मात्र गरेकोमा पुरै लम्बाई लिएको | | |
| | | | **अतिथिसदन जगतवस्ती सडक**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा वास्तविक सम्पन्न कामको नापीमा प्रमाणित परिमाणको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आ.ब. २०७६।७७ देखि संचालन भएको यस ठेक्काको फाइनल विल भुक्तानी गर्दा आइटम नं. 7 plum wall को लम्वाई चौडाई र उचाई 1020*0.250*800 रहेकोमा सोही वालको फाइनल विलको नापजाँचमा 1020*0.250*900 को दरबाट गणना गरी चौथो रनिङ विल सम्म ४०८ घ.मी. भुक्तानी भएको र अन्तिम विलमा फर्मको काम नबढेकोमा Plum wall उचाई मात्र बढेको नापजाँच गणना गरी बढी भुक्तानी गरेको ५१ घ.मी. हुने रु.४०८०००/- र सोमा थप मू.अ.कर रु.५३०४०/- समेत असुल हुनुपर्दछ रु.४६१०४०/-<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा निर्माण कार्यको रनिङ विलको भुक्तानी गर्दा स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशनको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो सडकमा कालोपत्रे समेतको कार्य गराई भुक्तानी गर्दा Prime coat र Tack coat को खपतको परिमाण प्रति वर्गमिटर १ लि. को दरबाट गणना गरी Tackcoat तर्फ मात्र रु.1319019/- भुक्तानी गरेकोमा विटुमिन खपतको अनुपातको गणना र Asphalt concrete को Mix design समावेश नगरेको साथै सडक निर्माण कार्य गर्ने डिभिजन सडक कार्यालयहरुले Tackcoat को खपत अनुपात प्रतिवर्गमिटर 0.60 लि. मात्र कायम गर्ने गरेकोमा र सडक निर्माण सम्बन्धी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशनमा समेत Tackcoat खपतको अनुपात गणनाको आधार तोकिएकोले सडक निर्माण कार्यमा खपत Tackcoat को स्प्रेरेटको गणनाबाट पुष्टि नगरी एकमुष्ट १ लि. प्रतिवर्ग मिटरबाट भुक्तानी गरेकोले Asphalt स्वीकृत दर भन्दा रु.४४६५६८/- बढी भुक्तानी भएको रकम पुन यकिन गरी असुल गर्नुपर्दछ रु.४४६५६८/- | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३०.२ | | | **अथिति सदन-जगत बस्ती सडक**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिमको कार्य शुरु गरिसकेपछि पूर्वानुमान नगरिएको परिस्थिति सृजना भएकोमा ऐनको दफा ५४ मा तोकिएमा अधिकारीले भेरिएसन आदेश स्वीकृत गर्नुपर्ने व्यवस्था छ । यो ठेक्काको लागत अनुमान स्वीकृतमा रहेको विल अफ क्वान्टिटीमा आइटम नं.१२ को इन्टरलिङ्क ब्लक विच्छाउने कार्य बाल्मिकि स्कुल फुटसल सम्मको क्षेत्रको समावेश नगरिएकोमा सो क्षेत्र समेतमा उक्त कार्य गराई अन्तिम विलबाट मू.अ.कर सहित रु.३४३०९४८/- भुक्तानी गरेकोमा भुक्तानी अगावै कामको भेरिएसन स्वीकृत नगरी नयाँ कार्यक्षेत्रमा काम गराई भुक्तानी गरेको अनियमित खर्च रु. | ३,४३०,९४८ |
| ३०.३ | विभिन्न | | **मेघावारी-कञ्चनजंघा सडकः-**<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख रुपैंया भन्दा बढीको निर्माण कार्यको सम्झौता गर्ने निर्माण व्यवसायीले साईट हस्तान्तरण भएको अवधि देखि नियमावली २०६४ को नियम ११२ मा निर्माण कार्यको सम्झौता गर्ने निर्माण व्यवसायीले साईट हस्तान्तरण भएको अवधि देखि त्रुटी सच्याउने अवधिसम्म अवधि समेटिएको कामको विमा गराई पेश गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी संग २०७७।३।१ मा रु.३०१३४०२०/- मा कार्य गर्ने गरी २०७७।७।२८ सम्म अवधि रहेको यो ठेक्का को BOQमा बिमा बापतको रकम समावेश गरी सम्झौता भएकोमा कामको विमा नगराई फाईनल बिल भुक्तानी गरेको छ । खरिद सम्झौता र नियममा भएको व्यवस्थाको पालना नगरी कार्य गराएकोले यस्तो कार्यमा नियन्त्रण गरी तोकिए बमोजिम बिमा गराएरमात्र निर्माण सम्बन्धि कार्य गर्नुपर्दछ ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थित सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा भेरिएशन जारी गर्न सकिने व्यवस्था छ । कार्यालयले यो ठेक्कामा Relocation of service समेतको आईटम समावेश गरी सम्झौता गरेकोमा यो वर्ष ठेक्काको अन्तिम बिल तयार गरी कार्य सम्पन्न स्वीकृत गरेको पाईयो । स्वीकृत डिजाईन अनुसार उक्त आईटमको काम नगराई ठेक्का फाईनल गरेकोले सडक सञ्चालनमा सहजता हुने नहुने निश्चित देखिएन । | |
| | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>
ठेक्का व्यवस्थापन
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३क(३) मा प्याकेजिङ सम्बन्धी व्यवस्था रहेको छ । खरिद सम्बन्धी कार्यको प्याकेजिङ गर्दा एक आपसमा अन्तर सम्बन्धित भई एउटै प्याकेजङमा संचालन गर्नुपर्ने भएका बाहेक प्रतिस्पर्धा संकुचित र सिमित गर्ने गरी ठुला ठुला प्याकेज बनाई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ । कार्यालयले यो वर्ष खरिद सम्बन्धी कामको वोलपत्र आह्वान गर्दा फरक फरक वडाहरुमा गरिने विभिन्न फरक फरक निर्माण कार्यको लागि ३ वटा सम्म कार्य एउटै प्याकेजमा समावेश गरी ठेक्का आह्वान गरेको पाइयो । परीक्षणको क्रममा निम्नानुसारका कामको एउटै प्याकेज स्वीकृत गरी खर्च गरेको देखियो ।
<table>
<tr><th>ठेक्का नं./मिति</th><th>कामको विवरण</th><th>लागत अनुमान</th><th>ठे.नं.</th><th>सम्झौता रकम</th><th>निर्माण अवधि</th></tr>
<tr><td rowspan="3">ठे.नं. ४/2077/78</td><td>प्रभुलाल मार्ग अस्फाल्ड कार्य</td><td>6763111</td><td>प्रगतिनगर कालोपत्रे</td><td></td><td></td></tr>
<tr><td>सूर्यनगर वक्स कल्भर्ट</td><td>1521720</td><td>आठकट्ठे वक्स कल्भर्ट</td><td>5647426</td><td>2078/3/2 – 2079/3/1</td></tr>
<tr><td>कालिका नगर वक्स कल्भर्ट</td><td>2599858</td><td>प्रगति नगर शंकरवाडी सडक</td><td></td><td></td></tr>
<tr><td rowspan="3">ठे.नं. ४/2077/78</td><td>सुन्दर सामुदायिक भवन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>अदुवा खोला पक्कीपुल</td><td></td><td></td><td>5141009.78</td><td></td></tr>
<tr><td>हर्चना लवगंज वक्स कल्भर्ट</td><td></td><td></td><td></td><td></td></tr>
</table>
उपरोक्तानुसारको ठेक्का स्वीकृत गरी सम्झौता भएतापनि यो वर्षसम्म कुनै कामको प्रगति नभई मोविलाइजेशन पेश्की मात्र दिएको छ । प्रतिस्पर्धालाई सिमित गर्ने गरी ठुलो प्याकेज तयार गर्ने र काम समेत संचालन नहुने अवस्थामा सुधार गरी पूर्ण प्रतिस्पर्धाबाट खरिद कार्य गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>म्याद थप<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थप सम्बन्धमा व्यवस्था रहेको छ । ठे.नं. १।२०७७।७८ बाट विर्ताबजार-यातायात कार्यालय सडक निर्माण कार्य गर्न रु.११८९३३४४/- मा २०७७।११।६ देखि २०७८।३।२१ सम्मको अवधि राखी सम्झौता भएकोमा यो वर्ष सम्म दोश्रो रनिङ विलसम्मको भुक्तानी भएतापनि उक्त कार्य फाइनल नभएको र म्याद थप गरेको प्रमाण समेत पेश नभएकोले निर्माण व्यवसायीले म्याद समाप्त हुनु २१ दिन अगाडी म्याद थप माग नगरेमा नियमावलीको नियम १२१ बमोजिमको पूर्वनिर्धारित क्षतिपूर्ती लिई बाँकी काम पुरा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३३</td><td>विभिन्न</td><td></td><td>सोझै खरिदः<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा एक लाख रुपैंया भन्दा बढिको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने, दफा ६ मा खरिद योजना बनाउनु पर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१घ) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.५ लाख भन्दा बढि रकमको खरिद एउटै, फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था भएको तथा नियम ११ मा मालसामान खरिद गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशन समेतको आधारमा लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले डेक्सटप, ल्यापटप , प्रिन्टर, मोबाईल, टिभि, सिसि टीभि, विभिन्न<br>साईजका फर्निचर सोझै र दरभाउपत्रको माध्यमबाट पटक पटक खरिद गर्दा मालसामानको स्पेसिफिकेशन र लागत अनुमान स्वीकृत गरी खरिद नगरेकोले खरिद गरिएका मालसमानको गुणस्तर एवं वारेण्टी ग्यारेण्टी एकिन गर्न सकिएन । परिक्षणबाट उल्लेखित व्यवस्थाको पालना नगरी निम्न अनुसार रु.२५५९०५८/- खर्च गरेको देखियो । कानुनको पालना नगरी खर्च गरेको रकम नियमित नदेखिएको रु.
<table>
<tr><th>भौ नं र मिति</th><th>फर्मको नाम</th><th>सामान</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>११०।०७८।३।१६</td><td>एसिया बुक सेन्टर</td><td>मसलन्द तथा कार्यालय सामाग्रि</td><td>४६४२४</td><td rowspan="4">एकै पार्टीबाट एक पटक भन्दा बढी सोझै खरिद</td></tr>
<tr><td>२६३।२०७७।९।१</td><td>एसिया बुक सेन्टर</td><td>मसलन्द तथा कार्यालय सामाग्रि</td><td>६७१८०</td></tr>
<tr><td>२।२०७७।५।१९</td><td>करुणा स्क्रिन प्रिन्ट</td><td>मसलन्द तथा कार्यालय सामाग्रि</td><td>२१८७६७</td></tr>
<tr><td>२१७।२०७७।७।२</td><td>करुणा स्क्रिन प्रिन्ट</td><td>मसलन्द तथा कार्यालय सामाग्रि</td><td>३४७२४९</td></tr>
</table>
</td><td>२,९३८,५०६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १२३०।२०७८।३।२५ | सुर्यदिप इलेक्ट्रोनिक्स | मसलन्द तथा कार्यालय सामाग्रि | २३३९०८ | |
| ५२१।२०७७।१०।१२ | सुर्यदिप इलेक्ट्रोनिक्स | मसलन्द तथा कार्यालय सामाग्रि | १०५११७ | |
| १२३०।२०७८।३।२५ | सुर्यदिप इलेक्ट्रोनिक्स | मसलन्द तथा कार्यालय सामाग्रि | २३३९०८ | |
| ११०।२०७८।३।१६ | नेपाल फायर एण्ड सेफ्टि सोलुसन | अग्नि नियन्त्रण सामाग्रि | ६८७२०९ | तोकिएको सिमा भन्दा बढीको सोझै खरिद |
| १२३४।२०७८।३।२५ | करुणा स्क्रिन प्रिन्ट | छपाई | ६१९२९६ | |
| **जम्मा** | | | **२५५९०५८** | |

- कार्यालयले विज्ञापन प्रकाशन सम्बन्धी कार्य सोझै खरिदको माध्यमबाट एजेन्सी मार्फत गरेकोमा छुट सुविधा नलिएको व्यहोरा आन्तरिक लेखापरीक्षणबाट औल्याएको छ । यो वर्ष यसरी छुट नलिई विभिन्न एजेन्सी मार्फत रु.३७९४४८/- भुक्तानी गरेको अनियमित खर्च रु.३७९४४८/-

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **बढी भुक्तानी**<br><br>प्रयास प्रारम्भ प्रालिलाई कार्यालयले व्यक्तिगत घटना दर्ताको निमित्त दर्ता किताब प्रणाली विद्युतिय अभिलेखिकरण गर्न शिलबन्दी दरभाउपत्र मार्फत जम्मा ७८७१०।०० को संख्यामा कार्य गर्ने सम्झौता गरिएकोमा सिस्टम अनुसार जम्मा ५६३२८ को संख्यामा मात्र अभिलेखिकरण भएकोमासो वरावरको ५६३२८×४।९०.२७६००७।२० मा १३ प्रतिशत मु. अ. कर थप गरी ३११८८८।०० भुक्तानी गर्नुपर्नेमा ६८०५०।०० को रु. ४।९० का दरले हुने रकममा १३ प्रतिशत मु. अ. कर थप गरी रु. ३७६७९२।०० भुक्तानी गरेको व्यहोरा आन्तरिक लेखापरीक्षणबाट औल्याएकोमा बढी भुक्तानी भएको रकम रु.६४९०४/- असुल हुनुपर्ने रु. | ६४,९०४ |
| | | | | |
| ३५ | | | **खरिद प्रकृयाको पालना स्थितिः** | |
| ३५.१ | १२४४ | २०७८-३-३० | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा वार्षिक १० लाख रुपैंया भन्दा बढीको खरिद गर्नुपर्दा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ, नियम ११ मा मालसामान खरिद गर्नुपूर्व स्पेशिफिकेशनको अधिनमा रहि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष क्लाउड टेक सोलुशन प्रा.लि.बाट डाटा सर्भर, कम्प्युटर खरिद र ईन्टरनल<br>नेटवर्किङ स्टडी समेतको कार्य गर्न लागत अनुमान तयार गरी सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद कार्य गरी रु.१७६७०३७/- भुक्तानी गरेको पाईयो । यस सम्बन्धमा देखिएको अन्य व्यहोराःव<br><br>• सभाबाट स्वीकृत बजेटमा सूचना प्रविधि सेवा खरिद सम्बन्धि कार्यको लागि रु.१५०००००/- मात्र वार्षिक बजेट व्यवस्था भएकोमा रकमान्तर बेगर रु.२६७०३७/- बढी खर्च गरेको छ ।<br>• उक्त कार्यको लागत अनुमान रु.१९९५६४०/- स्वीकृत देखाएकोमा स्वीकृति अवधि खुलाएको पाईएन ।<br>• ई-बिड मार्फत खरिद गरेकोमा आपूर्तकले मालसामानक स्पेशिफिकेशन र ब्रोशर समावेश नगरेकोमा राउटर, नेटवर्क र्‍याक, तथा वायरलेस सर्भर र मेन स्वीचहरु फरक फरक उत्पादक कम्पनीको उपलब्ध गराउने गरी उल्लेख गरेकोमा उत्पादक कम्पनी बाट मालसामान उपलब्धताको ग्यारेण्टी र आधिकारिक बिक्रेताको प्रमाण समावेश गरेको पाईएन ।<br>• आपूर्तकले बिक्री गरेको सर्भर लगायतका उपकरणमा ३ वर्षको ग्यारेण्टी उल्लेख गरेकोमा उत्पादक कम्पनीबाट ग्यारेण्टी जारी गरेको देखिएन ।<br><br>उपरोक्त अवस्थाले यो खरिद कार्य सार्वजनिक खरिद नियमावलीको  खरिद समबन्धि व्यवस्थाको पालना गरी खरिद भएको मान्न नसकिएको अनियमित रु... | १,७६७,०३७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५.२</td><td>१२४४</td><td>२०७८-३-३०</td><td>मू.अ.कर नियमावली २०५३ बमोजिम ठेक्का वा करारको रकम भुक्तानी गर्दा ३० प्रतिशतका दरले मू अ कर कट्टी गरी कार्यालयले सम्बन्धित विक्रेताको नामबाट जम्मा गर्नुपर्ने व्यवस्था छ । सप्लायर्स (क्लाउट टेक सोलुशन)लाई रकम भुक्तानी गर्दा मू अ कर कट्टी गरी दाखिला नगरेकोले सो रकम सम्बन्धित महिनाको कर विवरणमा समावेश गरी समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु...</td><td>६०,९८६</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३६</td><td>बिभिन्न</td><td></td><td>फिल्ड भत्ताः<br>नेपाल सरकारले २०७६।४।१ देखि लागु हुने गरी संघ, प्रदेश तथा स्थानीय तहका कर्मचारीहरुको तलव भत्ता सम्बन्धी व्यवस्था गरेको छ । अर्थ मन्त्रालयबाट प्रकाशित तलवमान सम्बन्धी सूचनामा स्थानीय तहमा कार्यरत कर्मचारीलाई थप फिल्ड भत्ताको व्यवस्था रहेको पाइएन । पालिकाले स्वास्थ्य शाखातर्फ कार्यरत निम्नानुसारका कर्मचारीलाई मासिक रु१५०० को दरलेबार्षिक रु.१०८०००/- फिल्ड भत्ता भुक्तानी गरेको छ । उक्त रकम पाउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथ असुल हुनुपर्दछ रु.
<table>
<tr><th>सि नं</th><th>पद</th><th>नाम</th><th>मासिक फल्ड भत्ता दर</th><th>वार्षिक रकम</th></tr>
<tr><td>१</td><td>सि अ न मि</td><td>डम्वरमाया बास्कोटा</td><td>१५००</td><td>१८०००</td></tr>
<tr><td>२</td><td>सि अ न मि</td><td>गंगा देवी उप्रेती</td><td>१५००</td><td>१८०००</td></tr>
<tr><td>३</td><td>सि अ न मि</td><td>यसोदा दाहाल</td><td>१५००</td><td>१८०००</td></tr>
<tr><td>४</td><td>अ न मि</td><td>शर्मीला उप्रेती</td><td>१५००</td><td>१८०००</td></tr>
<tr><td>५</td><td>सि अ न मि</td><td>पवित्रा देवी संग्रौला</td><td>१५००</td><td>१८०००</td></tr>
<tr><td>६</td><td>अ न मि</td><td>यसोदा सिग्देल</td><td>१५००</td><td>१८०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१०८०००</td></tr>
</table></td><td>१०८,०००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३७</td><td>१३३१</td><td>२०७८-३-३०</td><td>पदाधिकारी बैठक भत्ताः<br>गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५ को दफा ४ मा नगर सभाको बैठकमा उपश्थित सदस्यहरुले अनुसुचि २ बमोजिम नगरसभा अध्यक्षले रु १५०० उपाध्यक्ष र अन्य सदस्यले रु १००० को दरले बैठक भत्ता पाउने व्यव्था छ। पालिकाले नगरसभा अध्यक्षको रु २५०० उपाध्यक्षको रु २२०० र अन्य सदस्यहरुको</td><td>४६,४१०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रु२००० को दरले बैठक भत्ता भुक्तानी गरेको पाईयो। बढि दरमा भुक्तानी भएको बैठक भत्ता असुल गर्नुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>पदाधिकारीको नाम</th><th>पद</th><th>ऐन अनुसार पाउने दर</th><th>भुक्तानि दर</th><th>बैठक संख्या</th><th>बढी भुक्तानी रकम</th><th>कर कट्टि पछि बढी भुक्तानी</th></tr>
<tr><td>1.</td><td>ध्रुव कुमार शिवाकोटी</td><td>प्रमुख</td><td>१५००</td><td>२५००</td><td>३</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>2.</td><td>पवित्रा देवी महतारा</td><td>उप प्रमुख</td><td>१०००</td><td>२२००</td><td>३</td><td>३६००</td><td>३०६०</td></tr>
<tr><td>3.</td><td>अग्नि प्रसाद पाण्डे</td><td>वडाअध्यक्ष</td><td>१०००</td><td>२०००</td><td>३</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>4.</td><td>नगेन्द्र प्रसाद संग्रौला</td><td>वडाअध्यक्ष</td><td>१०००</td><td>२०००</td><td>३</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>5.</td><td>निता घतानि</td><td>वडाअध्यक्ष</td><td>१०००</td><td>२०००</td><td>३</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>6.</td><td>भोजराज सिटौला</td><td>वडाअध्यक्ष</td><td>१०००</td><td>२०००</td><td>३</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>7.</td><td>कुल प्रसाद संग्रौला</td><td>वडाअध्यक्ष</td><td>१०००</td><td>२०००</td><td>३</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>8.</td><td>राजेन्द्र प्रसाद लिङ्देल</td><td>वडाअध्यक्ष</td><td>१०००</td><td>२०००</td><td>३</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>9.</td><td>भगिरथा आचार्य</td><td>का.पा. सदस्य</td><td>१०००</td><td>२०००</td><td>३</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>10.</td><td>सुर्य प्रसाद</td><td>वडाअध्यक्ष</td><td>१०००</td><td>२०००</td><td>३</td><td>३०००</td><td>२५५०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कन्दंगवा | | | | | | | | |
| | | | 11. | चन्द्रकला संग्रौला | वडाअध्यक्ष | १००० | २००० | ३ | ३००० | २५५० | | |
| | | | 12. | अजय कार्की | वडाअध्यक्ष | १००० | २००० | १ | १००० | ८५० | | |
| | | | 13. | पवित्रा पाठक | वडाअध्यक्ष | १००० | २००० | ३ | ३००० | २५५० | | |
| | | | 14. | संगिता शिवा | वडाअध्यक्ष | १००० | २००० | ३ | ३००० | २५५० | | |
| | | | 15. | दुर्योधन गुरुङ | का.पा. सदस्य | १००० | २००० | ३ | ३००० | २५५० | | |
| | | | 16. | गिता घिमिरे | वडाअध्यक्ष | १००० | २००० | ३ | ३००० | २५५० | | |
| | | | 17. | सुरेन राजवंशी | का.पा. सदस्य | १००० | २००० | ३ | ३००० | २५५० | | |
| | | | 18. | द्रौपदी कुमारी गणेश | का.पा. सदस्य | १००० | २००० | ३ | ३००० | २५५० | | |
| | | | 19. | गणेश प्रसाद दाहाल | सदस्य सचिव | १००० | २००० | २ | २००० | १७०० | | |
| | | | जम्मा | | | | | | | ४६४१० | | |
| | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | विभिन्न | | **बिधुत महशुलः**<br>प्रदेश नं १, सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका २०७५ को बुँदा नं २१ मा बिजुलि पानी टेलिफोन महशुल मिटर रिडिङ पछि तोकिएको समयमानै भुक्तानी गरि छुट सुविधा लिने तथा जरिवाना नतिर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष निम्नानुसार बिधुत महशुल भुक्तानी गर्दा जरिवाना रु.२६७३७/- भुक्तानी गरेको छ।निर्देशिका को व्यवस्था विपरितको भुक्तानी अनियमित देखिएको रु | २६,७३७ |
| | | | | |
| ३९ | | | **अनुगमन मूल्यांकन र भ्रमण खर्चतर्फः** | |
| ३९.१ | १२७६ | २०७८-३-२७ | **अनुगमन मूल्यांकन खर्चः**<br>1. भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं. भ्रमणमा खटिनेको नाम दर्जा भ्रमण खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसूचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वास्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने व्यस्था छ । पालिकाले यस वर्ष अनुगमन मूल्यांकन खर्चमा रु.१६८४००/-खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित र अनुगमन प्रतिवेदन राखेको पाइएन । भ्रमण पश्चात अनिवार्य रुपमा अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ । | |

Table within item ३८:

| भौचर नं | महिना | बिल रकम | जरिवाना |
|---|---|---|---|
| ९१।२०७७।६।१५ | भाद्र | ३४४० | ८६० |
| | भाद्र | ४३८११ | १०९५२ |
| ७९४।२०७७।१२।१९ | पौष | १९९७ | ४९९ |
| | माघ | ५७०१६ | १४२५४ |
| | फागुन | १७२० | १७२ |
| जम्मा | | | २६७३७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९.२ | विभिन्न | | **भ्रमण खर्च र अभिलेख व्यवस्थापनः** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं. भ्रमणमा खटिनेको नाम दर्जा भ्रमण खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसूचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वास्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने व्यस्था छ । पालिकाले यस वर्ष भम्रण खर्चमा रु.११७६५३५/-खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन । भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी निययमावलीको व्यवस्था पालना गर्नुपर्दछ । | |
| | | | | |
| ४० | | | **विविध खर्चतर्फः** | |
| ४०.१ | विभिन्न | | **सभा सञ्चालन खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष नगरसभा संचालन खर्चमा रु.५ लाख विनियोजन गरेकोमा ब्याग खरिद, खाना, खाजा, चिया, नास्ता लगायतको भुक्तानीमा सबै विनियोजित रकम खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ४०.२ | विभिन्न | | **विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु. २० लाख विनियोजन गरी रु. १९ लाख ८४ हजार ९५० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| | | | | |
| ४१ | | | **मर्मतः**<br>**मर्मतः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मतगर्दा सम्बन्धित विशेषज्ञबाट लागगत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मतमा रु. ९९९६८०/-र मेशिन औजार मर्मतमा ४१०५१५७/- गरी जम्मा रु.५१०४८३७ /- खर्च गरेकोमा सवारी साधन तथा मेशिनऔजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राखेको पाइएन । नियमावलीमा भएको व्यवस्था को पालना गर्नु पर्दछ। | |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **ईन्धनः**<br>प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धन (कार्यालय प्रयोजन) मा रु. ५०००००० खर्च गरेको छ ।पालिकाले यस वर्ष ईन्धन पदाधिकारी (२२२११) मा वजेट बिनियोजन नगरि पदाधिकारी तथा कर्मचारीलाई एउटै खर्च शिर्षक ईन्धन कार्यालय (२२२१२) बाट खर्च लेख्ने गरेको पाइयो।पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च रउपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । प्रत्येक सवारी साधनको प्रयोगको लगबुक राखि सम्बन्धी पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा लगबुक अध्यावधिक राखेको पाइएन ।ईन्धन खर्च र सवारीको प्रयोग (किलोमिटर ) बिष्लेशण गरेको पाइएन। इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थीत अभलेख राख्ने व्यवस्था गर्नुपर्दछ । | |
| | | | | |
| ४३ | विभिन्न | | **खर्चको अवस्थाः**<br>• **फरक खर्च शिर्षकः** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३७ मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न पउने छैन भन्ने व्यवस्था छ।पालिकाले निम्नानुसार खर्च गर्दा फरक खर्च शिर्षकबाट खर्च लेखेको पाइयो । फरक खर्च शिर्षकबाट खर्च लेखेको रकम अनियमित देखिएको रु. | २,५०१,२८८ |

| भौचर नं र मिति | विवरण | खर्च लेख्नुपर्नै शिर्षक | खर्च लेखेको शिर्षक | रकम |
|---|---|---|---|---|
| १३१७/२०७८/३/३० | घरभाडा भुक्तानी | घरभाडा | संचार महशुल | ३६००० |
| १३०९/२०७८/३२९ | मेलमिलाप केन्द्र को विविध तथा कार्यालय संचालन खर्च भुक्तानी | विविध तथा कार्यालय संचालन खर्च | पदाधिकारी अन्य भत्ता | ६३००० |
| १३०६/२०७८/३/२९ | क्षमता अभिवृद्दि तालिम कार्यक्रम को खर्च भुक्तानी | कार्यक्रम खर्च | विविध | १००००० |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ११८४।२०७८।३।२३ | मेलमिलाप केन्द्र को विविध तथा कार्यालय संचालन खर्च भुक्तानी | विविध तथा कार्यालय संचालन खर्च | पदाधिकारी अन्य भत्ता | १८९००० |
| १२२९/२०७८/३/२४ | कम्प्युटर खरिद वापत कम्प्युटर सोलुसन लाई भुक्तानी ,विल भरपाई समेत पेस नभएको | कार्यालय समाग्रि | विमा तथा नविकरण | १६०४६० |
| १२२६/२०७८/३/२२ | मेलमिलाप केन्द्र को विविध तथा कार्यालय संचालन खर्च भुक्तानी | विविध तथा कार्यालय संचालन खर्च | पदाधिकारी अन्य भत्ता | २५२००० |
| २८२/२०७७/८/८ | कम्प्यूटर,प्रिन्टर लगायतका सामग्रि खरिद | मेशिन औजार,पुँजिगत | मेशिन औजार मर्मत,चालु | २७४६४६ |
| ४३१/२०७७/९/१९ | कम्प्यूटर,प्रिन्टर लगायतका सामग्रि खरिद | मेशिन औजार,पुँजिगत | मेशिन औजार मर्मत,चालु | ३९७०८२ |
| जम्मा | | | | १४७२१८८ |

- **मू अ कर मा दर्ता नभएको संग खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२)(१क) मा सार्वजनिक निकायले रु.बीस हजार भन्दा बढीको कुनै खरिद गर्दा मू.अ.करमा दर्ता भएको व्यक्ति,फर्म, संस्था वा कम्पनिबाट गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले निम्नानुसार खरिद गर्दा मू अ कर मा दर्ता नभएको फर्म/संस्था संग खरिद गरेको रकम अनियमित रु

| भौचर नं र मिति | फर्म को नाम | विवरण | रकम |
|---|---|---|---|


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ११२६/२०७८/३/१७ | खरेल स्टोर,विर्तामोड | कार्पेट,पर्दा खरिद | ४६३५० |
| १२९७/२०७८/३/२९ | जय भवानी, मेचिनगर | रेनकोट खरिद | ६०००० |
| ४१६/२०७७/९/१६ | के वि मिक्स जनरल क्याप हाउस | ज्याकेट खरिद | ५२००० |
| ३२६/२०७७/८/२३ | खरेल स्टोर,विर्तामोड | कार्पेट,पर्दा खरिद | २६७६७५ |
| ११७३/२०७८/३/२२ | प्रविधि संसार,बिर्तामोड | कार्यालय सामान | १२८३५० |
| ४४८/२०७७/९/२२ | आर के हाईड्रोईलेक्ट्रीक वर्कसप,विर्तामोड | गाडी मर्मत | १०५७२५ |
| जम्मा | | | ६६०१०० |

- **भुक्तानी दिन बाँकी विवरण वेगर भुक्तानीः** स्थानीयसरकार संचालन ऐन २०७४ को दफा ७३(७) मा सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेटखर्च गर्न नपाउने व्यवस्था छ। नगरपालिकाले निम्नानुसारको भुक्तानी गर्दा भुक्तानीदिन बाँकीको विवरण नराखी गत आर्थिक वर्षको भुक्तानी यस वर्ष गरेको पाइयो । ऐनको व्यवस्था विपरितको भुक्तानी नियमसम्मत नदेखिएको रु.

| भौचर नं र मिति | विवरण | रकम |
|---|---|---|
| १०७।२०७७।६।२० | आ ब २०७६।७७ को नगर कार्यपालिकाको बैठक भत्ता | १९४००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>भुक्तानी</td><td></td></tr>
<tr><td>१७०।२०७७।६।२८</td><td>आ ब २०७६।७७ को महिला स्वयंसेविका को यातायत खर्च भुक्तानी</td><td>२२५०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४१९०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>
बिल भरपाइः<br><br>
बिल भरपाई सहित लेखा राख्नु पर्नेः आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व नियमावली २०७७ को दफा ५७ १ मा बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। निम्नानुसार खर्चको भुक्तानी गर्दा सम्वन्धित लाई रकम बुझाएको भरपाईसंलग्न नभएको ले भरपमई पेश गर्नु पर्ने रु
<table>
<tr><th>भौचर नं र मिति</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
